## अनुसूची ५

# क्रिया–प्रतिक्रिया

स्वतन्त्रतापूर्वक भेला भएर राजनीतिक कार्यक्रम गर्न पाउने अवसरबाट वञ्चित भएका व्यक्तिको विषय पनि पुस्तकमा समावेश भए सुनमा सुगन्ध हुने थियो । पीडित बाहेक पीडकको विषयमा वकालत गरेको विषयलाई हटाउनु पर्छ ।

**खड्गविक्रम सुवेदी**
अधिकारकर्मी तथा अध्यक्ष
गैर सरकारी संस्था महासङ्घ, ताप्लेजुङ

पुस्तकमा बलात्कारसँग सम्बन्धित घटना बढी समावेश भएको पाइन्छ । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार तथा नागरिक र राजनीतिक अधिकारको विषयप्रति अझ बढी तथ्याङ्क समेट्न सके राम्रो हुन्थ्यो ।

**चन्द्र पन्धाक प्रयास**
कार्यवाहक अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, ताप्लेजुङ

नेपालको मानव अधिकारको संरक्षण र संवर्द्धनमा इन्सेकको भूमिका प्रशंसनीय छ । मानव अधिकारको क्षेत्रमा भएका क्रियाकलापहरूलाई समेटी विगतका वर्षहरू जस्तै यस वर्ष पनि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेको कुराले खुशी लागेको छ । पुस्तकले आमनागरिकको मानव अधिकारको अवस्थालाई चित्रण गरोस् ।

**जीवनप्रसाद आचार्य**
प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा

मानव अधिकारजस्तो आधारभूत,नैसर्गिक तथा मौलिक अधिकारको हनन् जुनसुकै क्षेत्रबाट भए पनि राम्रो कुरा होइन । मानव अधिकारको समग्र अवस्था जनसमुदायसमक्ष पुऱ्याउन, आमनागरिकलाई मानव अधिकार उल्लङ्घनका घटनाप्रति जागरूक बनाउन र नेपालको मानव अधिकार अवस्थालाई दस्तावेजीकरण गर्ने कार्यले सदैव निरन्तरता पाओस् ।

**नवराज मल्ल**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा




आर्थिक कठिनाइ, ज्ञान वा सूचनाको कमी र भौगोलिक विकटताको कारण मानिसको न्यायमा पहुँच पुगेको छैन । वर्ष पुस्तक आधारभूत तहका मानिसको अधिकार स्थापित गराउने दस्तावेजका रूपमा मैले लिएको छु । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयलाई वर्ष पुस्तकले टड्कारो रूपमा समेट्न आवश्यक छ ।

**टङ्कबहादुर थापा**
अध्यक्ष, जनता समाजवादी पार्टी, खोटाङ

खोटाङमा केही वर्षअघि अशक्त महिलामाथि भएको यौन हिंसाको घटनालाई जिल्लाभित्रै मिलाउने प्रयत्न भइरहेको अवस्थामा इन्सेकले आवाज उठाउँदा पीडितले न्याय पाउने वातावरण बनेको थियो । त्यो घटना नेपाल मानव अधिकार वर्ष पुस्तकमा अभिलेख भएको हुनुपर्छ ।

**दमन राई**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ शाखा, खोटाङ

प्राथमिक स्रोतको प्रयोगमार्फत तथ्य/तथ्याङ्क सङ्कलन र गहन अध्ययन तथा विश्लेषणले पुस्तक पठनीय एवम् सङ्ग्रहयोग्य छ।

**राजेश्वरबहादुर श्रेष्ठ**
अध्यक्ष नेपाल पत्रकार महासङ्घ, धनकुटा

देशभित्र भएका मानव अधिकार उल्लङ्घनका घटना समेटेर प्रकाशन हुने भएकाले इन्सेकले वार्षिक रूपमा प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकलाई चासोका साथ हेर्ने गरिन्छ। जिम्मेवार ओहोदामा रहनेलाई मानव अधिकार उल्लङ्घनकर्तामा आफ्नो नाम पर्ला भनेर डराउने अवस्था सिर्जना गर्न यसले मद्दत गरेको छ।

**बासुदेव दाहाल**
प्रमुख जिल्ला अधिकारी, धनकुटा

मानव अधिकार वर्ष पुस्तक एक महत्त्वपूर्ण दस्तावेजका साथै मानव अधिकारको सूचक हो। हामी सबै सरोकारवाला निकायलाई मानव अधिकार सम्बन्धमा जानकारी गराउन पुस्तकले भूमिका खेलेको छ।

**गोविन्द अधिकारी**
एसपी, जिल्ला प्रहरी कार्यालय, धनकुटा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय दिलाउन, आरोपितलाई दण्डित गर्न मात्र नभई आमनागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तक आगामी दिनमा समयानुकूल परिस्कृत हुनुपर्छ।

**हरिकुमार राई**
सभापति नेपाल रेडक्रस सोसाइटी, धनकुटा

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूलाई पुष्टी एवम् पुर्नपुष्टि गर्दै इन्सेकले मानव अधिकारको अवस्था तथ्याङ्क प्रकाशित गरी राज्यलाई सहयोग पुऱ्याउने काम गरेको छ। द्वन्द्वकालीन समयमा इन्सेकले गरेको अभिलेखका कारण आवाजविहीनहरूले राज्यबाट प्राप्त सुविधा दाबी गरेको अवस्था छ। यसर्थ वर्ष पुस्तक राज्यकै दस्तावेज भएको मलाई लाग्दछ।

**कृष्ण चोङ्वाङ्ग**
सामाजिक अभियन्ता, तेह्रथुम

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार संरक्षणका लागि मानव अधिकारका सवाल पालना भए नभएको विषयमा इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर मानव अधिकार संरक्षण एवम् संवर्द्धनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

**श्रवणकुमार तिमिल्सिना**
प्रमुख जिल्ला अधिकारी, झापा

दण्डहीनता अन्त्य र कानुनी राज्य स्थापनाको लागि इन्सेकको कार्य कोशेढुङ्गा सावित हुने विश्वास लिएको छु। मानव अधिकारको सवालमा सम्बन्धित पक्षलाई थप संवेदनशील बनाउँदै मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि आगामी दिनमा इन्सेकले खेल्ने भूमिका अझ प्रभावकारी बन्ने आशा गरेको छु।

**अमृतबहादुर बस्नेत**
न्यायाधीश, जिल्ला अदालत, झापा

पीडितलाई न्याय प्राप्त गर्न, तथ्य र तथ्याङ्कका आधारमा मानव अधिकार उल्लङ्घनका घटनाप्रति ध्यानाकर्षण गराउने दवाब श्रृजना गर्न र नेपालको मानव अधिकार अवस्था चित्रण गर्नमा इन्सेकले वर्ष पुस्तकको नियमित र निरन्तर प्रकाशन गरिरहेको छ। यो उत्कृष्ट कार्यले निरन्तरता पाइरहोस्।

**विष्णुप्रसाद खरेल**
उपाध्यक्ष, मानव अधिकार रक्षक परिषद्, नेपाल
अध्यक्ष, मानव अधिकार सञ्जाल झापा

देशको पूर्ण मानव अधिकारको अवस्था, स्थिति, अध्ययन, विश्लेषण र विवेचनासहितका विषयसँगै घटनाको पूर्ण विवरण, उजुरी, कानुनी कारबाही र प्रक्रिया समेतको सूचनाहरू संग्रह गरेको वर्ष पुस्तक अत्यन्त उपयोगी दस्ताबेज हो।

**गोपालराज भण्डारी**
प्रमुख जिल्ला समन्वय समिति, सुनसरी

हामीले मानव अधिकारको अवस्थाको यर्थाथ विवरण मानव अधिकार वर्ष पुस्तकमा हुन्छ भनेर विश्वास गर्छौं। त्यसैले सबै पालिकामा पुस्तक पुऱ्याउन र मानव अधिकारको अभियानलाई फैलाउन आवश्यक छ।

**अनिता यादव**
उपाध्यक्ष कोशी गाउँपालिका, सुनसरी

नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको यर्थाथ चित्रण गर्ने कार्य गर्दै आएको छ। यसको सुक्ष्म अध्ययन, अनुसन्धान, विश्लेषण र तथ्यमा आधारित भएकाले निकै उपयोगी छ।

**शोभा मेहता**
संयोजक, मानव अधिकार समुह भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी

पुस्तकले अभिलेख मात्र नभई कानुनी उपचारको लागि जानेलाई प्रमाणका रूपमा काम गरेको छ। यसैपाली २०६३ को मधेस आन्दोलनमा गोली लागी घाइते भएका जगरनाथ मण्डलले राहतका लागि वर्ष पुस्तकको घटना विवरण प्रमाणका रूपमा प्रशासनमा पेश गरेका छन्। यस्ता विषय पनि पुस्तकमा समावेश गर्नु पर्दछ।

**रमेश भट्टराई**
संयोजक, मानव अधिकार संजाल सुनसरी

नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्य पक्ष र गैरराज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्दै सम्बन्धित पक्षलाई मानव अधिकार संरक्षणमा सचेत रहन प्रेरित गरेको छ। वर्ष पुस्तकमा मानव अधिकार संरक्षणमा राज्य र गैर राज्य पक्षबाट भएका सकारात्मक पहललाई समेत समावेश गरेमा उत्कृष्ट हुने थियो भन्ने अपेक्षा गर्दछु।

**राजेन्द्रप्रसाद धमला**
एसपी, जिल्ला प्रहरी कार्यालय, सप्तरी

प्रहरी, प्रशासन र नागरिक समाजलाई सचेत बनाउँदै आ–आफ्नो दायित्व निर्वाह गर्न वर्ष पुस्तकले भूमिका निर्वाह गरेको छ। इन्सेकले घटना अभिलेखका साथै न्यूनीकरण गर्नेतर्फ पनि पहलकदमी लिन सकोस् र वर्ष पुस्तकमा समाधानका उपाय पनि आओस्।

**शङ्कर शारदा**
संयोजक, प्रदेश २ राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले यस क्षेत्रमा लागेका सङ्घ–संस्थालाई मानसिक, बौद्धिक उर्जा प्राप्त भई सामाजिक कुरीति विरुद्ध सशक्त आवाज उठाउन ठूलो मद्दत पुग्ने गरेको छ। घटनाका दोषीलाई साथ दिने असामाजिक तत्त्वलाई निरूत्साहित गर्ने, गराउने कार्यमा वर्ष पुस्तकबाट थप मनोबल प्राप्त हुने विश्वास लिएको छु।

**हितनारायणलाल दास**
अध्यक्ष, सामुदायिक सेवा केन्द्र, सप्तरी

पुस्तकका माध्यमबाट नेपालको मानव अधिकार अवस्थाबारे जानकारी प्राप्त हुन्छ। मानव अधिकारसँग सम्बन्धित घटनाको तथ्याङ्कसहितको चित्रण गर्ने इन्सेकको काम प्रशंसनीय छ। त्यसैले मानव अधिकार वर्ष पुस्तक प्रकाशनमा हाम्रो सदैव सहयोग रहने प्रतिबद्धता जाहेर गर्दछु।

**मीनाकुमारी देव**
अधिवक्ता, सप्तरी

समाजमा भइरहेका महिलामाथिको हिंसाका घटना तथा सीमान्तकृत समुदायका आर्थिक, सामाजिक पक्षको मानव अधिकार हनन्का घटना सहित वर्षभरको अवस्था विश्लेषण प्रतिवेदन समेत पुस्तकमा समावेश गर्न आग्रह गर्दछु।

**सुनिलकुमार साह**
लैङ्गिक विज्ञ, भिएसओ नेपाल, सिरहा

राष्ट्रिय मानव अधिकार आयोग गठन हुन पूर्वदेखि नै इन्सेकले मानव अधिकारको सवालमा वकालत गर्दै नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत घटनाहरूको सार्वजनिक गर्दै आएको छ। घटनाको अध्ययन र अनुसन्धानलाई सशक्त रूपमा अगाडि बढाइरहन सुझाव दिन्छु।

**बन्धुप्रसाद बास्तोला**
प्रमुख जिल्ला अधिकारी, धनुषा

मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अभिलेख गरिनु सराहनीय कार्य हो। अहिले पनि समाजमा भइरहेका घटना गाउँघरमै मिलापत्र गर्ने परिपाटी रहेकाले यस्तो गतिविधिलाई निरूत्साहित गर्न इन्सेकले अभियान तथा कार्य गर्नुपर्छ।

**रमेश बस्नेत**
एसपी, जिल्ला प्रहरी कार्यालय, धनुषा

प्रहरी र प्रशासनमा उजुरी नपरेका घटनाहरूमा समेत इन्सेकको दृष्टि तथा अनुसन्धान हुने गरेकाले सराहनीय काम भएको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको न्युनीकरण र घटना पश्चात्त अध्ययन र अनुसन्धानका लागि आयोग समेत इन्सेकसँग सहकार्य गर्दै अगाडि बढ्ने छ।

**मनमाया राना मगर**
अधिकृत, राष्ट्रिय मानव अधिकार आयोग प्रदेश २ कार्यालय, जनकपुरधाम, धनुषा

जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादती, विभेद, महिला हिंसा तथा अपहरणका घटना बढी भइरहेकाले इन्सेकले सकृयता बढाउनु पर्नेछ । जिल्लाका सबै स्थानीय तहमा पुगेर अनुगमन गरी घटनाको सत्यतथ्य बुझी घटनामा प्रभावित व्यक्तिलाई न्याय दिलाउन इन्सेकले गरेका पहलकदमी पनि पुस्तकमा समावेश गरिनु पर्दछ।

**मेथुर चौधरी**
सभापति, जिल्ला समन्वय समिति, सर्लाही

शिक्षाको अधिकारका सवाल पनि पुस्तकमा समावेश गर्नुपर्छ । मानव अधिकार उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न इन्सेकले मानव अधिकारको क्षेत्रलाई व्यापक बनाउनुका साथै घटनाको सत्यतथ्य बाहिर ल्याउने कार्य सराहनीय छ।

**सुरेन्द्र पौडेल**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सर्लाही

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको अभिलेख गरी मानव अधिकारका क्षेत्रमा महत्वपूर्ण योगदान दिन पुस्तक सफल भएको छ। तसर्थ सर्लाही जिल्लामा शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि इन्सेकले काम गर्नुपर्छ।

**सन्तोषसिंह राठौर**
एसपी, जिल्ला प्रहरी कार्यालय, सर्लाही

मानव अधिकार संरक्षण सबैको चासोको विषय हो । नेपालमा मानव अधिकारको संरक्षण गर्ने/गराउने सम्बन्धमा इन्सेकद्वारा प्रकाशन भएको वर्ष पुस्तकले चेतनामूलक सन्देश दिएको छ। नागरिकको संविधानप्रदत्त मौलिक हक र अधिकार संरक्षणका लागि नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ को सफलताको कामना गर्दछु।

**राजेशराय यादव**
नगर प्रमुख, कलैया उपमहानगरपालिका, बारा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारसँग सम्बन्धित समग्र विषयवस्तु समेटेको छ। सम्बन्धित क्षेत्रका विज्ञहरूबाट तयार गरिने वर्ष पुस्तक कुनै संस्था वा व्यक्ति विशेषको मनोबल गिराउने तवरले नभई कुनै घटनाका सम्बन्धमा तथ्यपरक ढङ्गबाट प्रस्तुत गर्न राज्य र गैरराज्य पक्षबाट भएका कमी कमजोरीलाई वस्तुपरक ढङ्गबाट समीक्षा गर्दै सुधारको लागि प्रेरणादायी बन्न सकोस् भनी शुभकामना दिन चाहन्छु।

**दीपकराज नेपाल**
प्रमुख जिल्ला अधिकारी, बारा

मानव अधिकारसँग सम्बन्धित विषयवस्तु समेटेर इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारकर्मी लगायत सबैका लागि अति उपयोगी सिद्ध भएको छ।

**महेन्द्रबहादुर थापा**
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, बारा

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको उजागर गर्न वर्ष पुस्तकको अत्यन्तै महत्वपूर्ण भूमिका रहेको छ । जसले समग्र मानव अधिकार अवस्थाको चित्रण गर्नुको साथै अपराध गर्नेलाई प्रायश्चित तथा अपराध बोध गराउनुका साथै अपराध गर्न निरूत्साहित एवम् मानव अधिकार संरक्षणमा उत्प्रेरणा प्रदान गर्ने आशाका साथ शुभकामना छ।

**गौतम मिश्र**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बारा

इन्सेकद्वारा सन् १९९२ देखि निरन्तर प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको संरक्षण, संवर्द्दन गर्दै खबरदारीको काम गरेको छ । यस पुस्तकले आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रका विषय पनि समेट्न सक्नुपर्दछ। यस पुस्तकको निरन्तर प्रकाशनको कामना गर्दछु।

**डबल पाण्डे**
प्रमुख, जिल्ला समन्वय समिति, दोलखा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन्का विषयवस्तुलाई अभिलेख गर्नु नै महत्वपूर्ण मान्नु पर्दछ। मानव अधिकार न्यूनीकरणका लागि समेत आगामी दिनमा कार्यक्रम निर्धारण गरी कार्यान्वयनमा जान सकोस्।

**जीवन लामा**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, दोलखा शाखा

यस पुस्तकमा बलात्कार तथा यौनजन्य दुर्व्यहारलाई बढी समेटेको आभास हुन्छ । आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका विषयलाई समेत समेट्न सक्नुपर्दछ ।

**सरोज उप्रेती**
अध्यक्ष, नेपाल बार एशोसिएशन, दोलखा

मानव अधिकार वर्ष पुस्तकमा वर्षभर भएका मानव अधिकार हनन्का घटनालाई समेटिएको छ । जिल्लामा आत्महत्या र घरेलु हिंसाका घटना बढेका छन्, यसबारे खोजबिन गर्न जरुरी भएको छ, त्यसतर्फ आगामी दिनमा ध्यान जाओस् ।

**सिर्जना कार्की**
महिला अधिकारकर्मी, दोलखा

वर्ष पुस्तकमा सरोकारवालासहित सबैको पहुँच योग्य हुन आवश्क छ । मानव अधिकार हनन् न्यूनीकरण गर्न तथा मानव अधिकारको संरक्षण र प्रर्वद्धनमा वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। पुस्तकको निरन्तरताको कामना गर्दछु।

**अर्जुन भण्डारी**
प्रमुख जिल्ला अधिकारी, रसुवा

आमनागरिकलाई मानव अधिकारको सूचना दिने राम्रो काम हो । वर्ष पुस्तकले निरन्तरता पाओस् दुर्गममा काम गर्ने जिल्ला प्रतिनिधि र सिङ्गो संस्थाले गरेको योगदान अमूल्य रहेको छ । यस्तो कार्यको निरन्तरताको कामना गर्दछु।

**ज्ञानेन्द्रनाथ न्यौपाने**
जेष्ठ पत्रकार एवम् अध्यक्ष, मानव अधिकार संरक्षण मञ्च, रसुवा

देशमा महिला र बालबालिकाको अवस्था नाजुक छ। मुलुकभर कैयौं भूमिहिन, सुकुम्बासी, बिर्ता, मोही जस्ता भूमिको सवालमा नागरिकहरू पीडित छन् । भूकम्पपछि जिल्लामा विस्थापित भएपछिको सवाल पनि पुस्तकमा समावेश गर्नुपर्छ। जसले कुना कुनामा पिल्सिएर रहेका पीडितहरूको आवाज बाहिर आउँछ र न्याय पाउन मद्दत गर्दछ। वर्षौंदेखि जमिन जोत्दै आएका किसानसँग जमिनको कानुनी स्वामित्व छैन । मानव अधिकार वर्ष पुस्तकले हत्या हिंसाका मात्र नभई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका विषय पनि समेट्न सकोस् भन्ने शुभकामना दिन चाहान्छु।

**कुलप्रसाद भट्ट**
प्रमुख, जिल्ला समन्वय समिति, रसुवा

वर्षपुस्तकले पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्न मात्र नभई आम नागरिकलाई सचेत पार्ने काम गरेको छ। आगामी दिनमा पुस्तकलाई परिस्कृत गर्दै लैजानु पर्ने आवश्यकता देखिन्छ। मानव अधिकार तथ्याङ्कहरूको संगालोको रूपमा वर्ष पुस्तक रहेको छ। पुस्तक प्रकाशनले नियमितता पाओस् भन्ने शुभकामना दिन चाहान्छु।

**बाबुलाल तामाङ**
अध्यक्ष, नागरिक समाज, तथा सभापति नेपाल रेडक्रस सोसाइटी, रसुवा

नेपाल मानव अधिकार वर्षपुस्तक २०२० अध्ययन गर्दा पुस्तकले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सवाल समेटनु पर्ने देख्दछु। अझै तथ्य परक घटनाहरू, महिला हिंसा तथा बाल अधिकारका घटनाहरू जुन घटनाको प्रहरीमा जाहेरी नपर्ने र राज्यको जानकारीमा आएका छैनन् त्यस्ता घटनाहरू पनि कुनै तरहले प्रकाशमा ल्याउनु पर्ने देखिन्छ। आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका कामहरूमार्फत जनतामाझ पुग्न इन्सेक जस्तो गरिमामय संस्थालाई म आग्रह गर्दछु।

**विश्वास नेपाली**
कोषाध्यक्ष, मानव अधिकार तथा सामुदायिक विकास स्रोत केन्द्र, रसुवा

नेपालको न्याय प्रणाली पीडित केन्द्रित नभएकाले कुनै घटनापछि पीडित के गरिरहेछ र उसको जीवनयापन कसरी चलिरहेछ भन्ने विषयमा खोजी गरी वर्षपुस्तकमा समावेश गर्न अनुरोध छ। मानव अधिकार उल्लङ्घनको विषय मिलापत्र नहुने भएकाले यसतर्फ पुस्तकको ध्यान जान जरुरी छ।

**अर्जुनकुमार शर्मा**
सहायक प्रमुख जिल्ला अधिकारी, धादिङ

वर्तमान कानुन र ऐनले प्रदान गरेका अधिकार नागरिकहरूले उपभोग गर्न पाए की पाएनन् ? सहज र छिटो छरितो सेवा पाउन सके नसकेको विषयमा वर्ष पुस्तकमा समावेश गरि घटनाहरूलाई यथेष्ट प्रमाण पुऱ्याएर मात्र प्रकाशन गर्न अनरोध गर्दछु।

**कृष्णराज अधिकारी**
अध्यक्ष, धादिङ बार एशोसिएशन, धादिङ

अधिकार संरक्षणमा सबैको समान दायित्व आवश्यक छ। वर्ष पुस्तकले यस्ता घटना उठाएर सरोकारवालाको ध्यान तान्ने काम गरेको छ। परिवर्तित घटनाक्रम अनुसार मानव अधिकारका विषय पनि परिवर्तित गर्दै लैजान आवश्यक छ।

**रमेशकुमार बस्नेत**

प्रमुख, मन्थली नगरपालिका, रामेछाप

बालिका बलात्कारका विभित्स घटना बढ्दै गएका छन्। वर्ष पुस्तकमा यस्ता घटनाको फलोअप प्रतिवेदन तयार गरि सार्वजनिक गर्न आवश्यक छ। वर्ष पुस्तकले कतिपय उठाउनै पर्ने विषय छुटाएको र नउठाउँदा पनि हुने विषयलाई प्राथमिकता दिएको छ। यसमा ध्यान जाओस्।

यदुनाथ शर्मा

**जिल्ला न्यायाधिवक्ता, रामेछाप**

रामेछापमा बलात्कारका घटना निक्कै बढेका छन्। बलात्कारका घटनामा पनि बालिका बलात्कारको सङ्ख्या बढी देखिएको छ। यसलाई नियन्त्रणको लागि सचेतनाको काम जरुरी छ। सचेतना, कारबाही र घटना सार्वजनिकीकरणले यस्ता अपराधलाई रोक्न सहयोग गर्छ। मानव अधिकार तथा सामाजिक क्षेत्रमा काम गर्ने सबै निकायलाई यसमा सहयोग गर्न अनुरोध गर्दछु।

**बसन्त पाठक**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, रामेछाप

मुलुकका कुन कुन क्षेत्रमा कुन पक्षबाट के कस्ता मानव अधिकार हननका घटनाहरू भएका रहेछन् भन्ने विषयमा पुस्तकमार्फत जानकारी पाउन मद्दत पुग्छ। आगामी दिनमा मानव अधिकार जस्तो व्यक्तिको नैसर्गिक अधिकार हननमा कुनै पक्ष पनि संलग्न नहुन र भएमा दोषी उपर कडा कानुनी कारबाही हुने सम्बन्धित सबैलाई वर्ष पुस्तकले सजग गराउँछ जस्तो लाग्छ।

**योगेन्द्रप्रसाद पाण्डे**

प्रमुख जिल्ला अधिकारी, सिन्धुली

तथ्य, तथ्याङ्कमा आधारित रहेर मानव अधिकार र न्यायमा वकालत समेत गरिरहेको इन्सेकले अझ पैरवीलाई सशक्त बनाउन आवश्यक छ। महिला, बालबालिकामाथि हुने सबैखाले रूढिवादी परम्परागत अभ्यासका कारण बढेको हिंसालाई न्यूनीकरण गर्न पुस्तक ऐना बन्न सकोस्। शिक्षा, स्वास्थ्य, न्याय प्रणाली लगायतमा सुधार हुने गरि नीति बनाउन उत्प्रेरित गर्ने खालको प्रतिवेदन प्रकाशन गरि तीनै तहका सरकारलाई राजनीतिक घटनालाई मात्र नभएर सामूहिक अधिकारका विषयमा अधिकार हनन् भएका विषय, विकासले मानिसमा पारेको नकारात्मक असर लगायतका सवाल पनि पुस्तकमा समावेश गर्नु पर्छ। यसतर्फ इन्सेकको ध्यान जाओस्।

**राधिका सापकोटा**

महासचिव,महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल, धादिङ

पुस्तक प्रकाशनले मानव अधिकार कार्यान्वयनकर्तालाई समेत झकझक्याएको छ। लुकेका अपराधहरू सार्वजनिक भएका छन् र प्रहरीलाई अनुसन्धानका लागि सहयोग पुगेको छ। निरन्तर प्रकाशनका लागि शुभकामना दिन चाहान्छु।

**जयन्ती थापा**

इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको दस्तावेजका रूपमा रहेको छ। यसले प्रहरीमा उजुरी नपरेका घटनाहरू, एकल महिला, अपाङ्गता भएकाहरू, भूकम्प पीडितको अवस्था र खासगरी महिलाहरूको अवस्थाको बारेमा उल्लेख गर्नुपर्छ।

**गायत्री खतिवडा**

अध्यक्ष, महिला मानव अधिकर रक्षकहरूको जिल्ला सञ्जाल, धादिङ

अपाङ्गता भएका व्यक्तिलाई अपशब्द प्रयोग गरि दुर्व्यवहार गर्ने गरेको, अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण नभएको, स्थानीय सरकारहरूले सहायक सामग्री उपलब्ध नगराएको, अपाङ्ग परिचय पत्र गाउँबाटै दिने भने पनि विभिन्न बहानामा काठमाडौँ पठाउने गरेको, विद्यालय भवन, सरकारी भवन अपाङ्ग मैत्री नबनेको, जिल्लाका सबै वित्तीय संस्थाहरू अपाङ्गमैत्री नभएको, बजारमा हाल बनाइएका सडक पेटीसमेत अपाङ्ग मैत्री छैनन्। अपाङ्गता भएका मानिसको अधिकार संरक्षणका वर्ष पुस्तकमार्फत आवाज उठाउनु पर्छ।

**गुणराज खतिवडा**

अध्यक्ष, अपाङ्ग कल्यांण सङ्घ, धादिङ

प्रविधिको दुरूपयोग र वैदेशिक रोजगारीले हिंसाका घटना बढ्दै गएका छन्। समाजमा हुने सबै खालका हिंसा न्यूनीकरण गरि मानव अधिकारको संरक्षण गर्न मन्थली नगरपालिका प्रतिवद्ध छ। मानव

जिम्मेवार बनाउन पैरवी गर्न सकोस् । नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनको हार्दिक शुभकामना ।

**रञ्जु सिग्देल**
एसपी, जिल्ला प्रहरी कार्यालय, सिन्धुली

आम नागरिकको न्याय र मानव अधिकारको चित्रणका रूपमा रहेको मानव अधिकार वर्ष पुस्तक बृहत् रूपमा मानव अधिकारका मुद्दामा प्रवेश गरि नयाँ तरिकाबाट आउन जरुरी छ । नेपाल मानव अधिकार पुस्तक २०२१ को प्रकाशनको शुभकामना ।

**द्वारिका काफ्ले**
केन्द्रीय सदस्य, नेपाल पत्रकार महासङ्घ

मानव अधिकारका सवालमा काम गर्दा कानुनी शब्दको प्रयोगलाई ध्यान दिन आवश्यक छ । जस्तै जबरजस्ती करणीलाई बलात्कार, पक्राउलाई गिरफ्तार, कर्तव्य ज्यानलाई हत्या शब्दको प्रयोगले कानुनी भाषामा तालमेल हुन सकेको छैन । मानव अधिकारका क्षेत्रमा इन्सेकको योगदान प्रसंशनीय छ । अझै परिस्कृत भएर वर्ष पुस्तक आउने विश्वास छ ।

**जङ्गबहादुर राई**
अध्यक्ष, नेपाल बार एशोसियशन जिल्ला बार इकाई, सिन्धुली

अपाङ्गता भएका व्यक्तिहरू हिंसामा परेका छन् । त्यस्ता घटनाहरू कमै बाहिर आउँछन् । उनीहरूको न्यायमा पहुँच पुग्दैन । उनीहरूलाई घरदेखि नै अवरोध सृजना गरिन्छ । न्यायालय, उजुरी गर्ने स्थानमा अपाङ्गमैत्री भौतिक संरचना छैनन् । दोभाषे, ब्रेललिपीको व्यवस्था हुँदैन । यसले न्याय अवरोध भएको छ । यसतर्फ सरकारको ध्यान जानसक्ने गरि वर्षपुस्तकमा समावेश गरिनु पर्दछ ।

**बविता थापा**
अपाङ्ग अधिकारकर्मी, सिन्धुली

सशस्त्र द्वन्द्वको औपचारिक समाप्तिका १४ वर्षपछि सम्म पनि यससम्बन्धी खोज तथा अनुसन्धान गर्नका लागि भरपर्दो सन्दर्भ सामग्री दस्तावेज बनिरहेको छ–नेपाल मानव अधिकार वर्ष पुस्तक । नागरिकको मर्यादा र सार्वभौम अधिकारप्रति सचेतना बढाउने अभिप्रायले नै मानव अधिकारसँग घटना र सूचना सङ्कलन गरी प्रकाशन गरिएको छ । नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० ले सन् २०१९ र त्यसअघिका अनुभवको निरन्तरताका आधारमा मानव अधिकारको स्थिति छर्लङ्ग पारेको छ । नेपाल मानव अधिकार वर्ष पुस्तकले गरेको खबरदारीले तीनै तहका सरकारले गर्ने काममा सुधार ल्याउन सहज हुने मैले विश्वास लिएको छु ।

**खड्गबहादुर खत्री**
प्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि लगातार नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी निरन्तरता दिन थालेको २९ वर्ष भएको छ । यस अवसरमा शुभकामना व्यक्त गर्दछु । मानव अधिकार प्राप्तिका लागि अभियान थालेको इन्सेकले मानव अधिकार अवस्थाको अभिलेख राखेर समाजलाई ठूलो गुन लगाएको छ । नेपाली प्रजातान्त्रिक आन्दोलनको साक्षी इन्सेकले लोकतान्त्रिक अभ्यास र मानव अधिकार संस्थागत गर्न अझै प्रयत्नशील हुनेछ भन्ने अपेक्षा छ ।

**रुद्रबहादुर खड्का**
प्रधानसम्पादक, स्वाधीन खबरपत्रिका, सिन्धुली

महत्वपूर्ण विषयवस्तु समेटिएर प्रकाशन हुने वर्ष पुस्तक बढी यथार्थपरक र आधिकारिकतामा आधारित हुनु आवश्यक छ । यसमा प्रकाशित सामग्रीहरूले राज्यको समग्र न्याय प्रणाली र मानव अधिकारको अवस्था नै प्रदर्शित हुने हुँदा घटनाहरूको राजनीतिकरण र विषयान्तर नगरेर विशुद्ध तथ्यमा आधारित भएर प्रकाशित गरिनु पर्नेमा सावधानी अपनाउनु पर्ने देखिन्छ । हालसम्मका प्रकाशनहरूबाट इन्सेकले आर्जन गरेको विश्वसनीयता आगामी दिनहरूमा पनि कायम राख्न सकोस् । यस कार्यमा सम्बद्ध सबैको प्रयास सराहनीय छ ।

**हेमन्त रावल**
जिल्ला न्यायाधीश, चितवन जिल्ला अदालत

मानव अधिकार वर्ष पुस्तकले महिला, बालबालिका, ज्येष्ठ नागरिकका मानव अधिकारका विषय उजागर गर्दै न्याय दिलाउन सहयोग पुऱ्याएको छ । आगामी दिनमा सरोकारवाला निकायसँग थप समन्वय र सहकार्य गरी मानव अधिकार उल्लङ्घनका घटना हुन नदिन निरन्तर रूपमा जनेचतनामुलक कार्यक्रम संचालनका लागि वर्ष पुस्तक सफल हुनेछ भन्ने शुभकामना दिन चाहान्छु ।

**सुरेन्द्र गुरुङ**
एसपी, जिल्ला प्रहरी कार्यालय, गोरखा

यस पुस्तक प्रकाशनले मानव अधिकारसँग सम्बन्धित घटना उजागर गर्न सहयोग पुऱ्याएको छ। मानव अधिकार अभिलेख पुस्तकको भूमिका अतुलनीय छ। आगामी दिनमा अझै सशक्त र प्रशंसनीय ढङ्गबाट पुस्तक प्रकाशनले निरन्तरता पाओस्।

**रमेशकान्त अधिकारी**
न्यायाधीश, गोरखा जिल्ला अदालत

यस पुस्तकले नागरिक तथा राजनीतिक अधिकारको विषयलाई मात्र धेरै प्राथमिकतामा राख्दै आएकाले आगामी दिनमा सबै अधिकारको अवस्थाको दर्पणका रूपमा विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

**भीमलाल श्रेष्ठ ,** पत्रकार, गोरखा

सुरुका वर्षमा मानव अधिकारको सवाल अलि साँघुरो थियो । तर पछिल्लो समय मानव अधिकारका लागि दिगो विकास समेटिएकाले अबका दिनमा यस विषय र व्यक्तिका शारीरिक र मानसिक हिंसाका घटनामा मात्र सीमित नराखी समय सापेक्ष वर्ष पुस्तकलाई फराकिलो बनाउँदै लैजानु पर्दछ।

**तारानाथ शर्मा,**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, म्याग्दी

यस पुस्तकले मानव अधिकारका घटनालाई अभिलेख गर्ने मात्रै होइन स्थानीय सरकारको मानव अधिकार मैत्री कार्ययोजना निर्माणमा समेत भूमिका खेल्ने गरेको छ। यो पुस्तकमा समेटिने विषयबस्तु निकै उपयोगी छन्।

**लालसुब्बा गुरुङ**
उपाध्यक्ष, रुपा गाउँपालिका, कास्की

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको गहिरो अध्ययनसहितको दस्तावेज नेपाल मानव अधिकार वर्ष पुस्तक पठनयोग्य छ। मानव अधिकारको संरक्षणमा राज्य र नागरिक दुवै पक्षको भूमिका उत्तिकै हुन्छ।

**मन्जुदेवी गुरुङ ,** उपप्रमुख, पोखरा महानगरपालिका

समाजमा हुने मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्ने र नागरिकलाई सुसूचित गर्दै आएको यस पुस्तकमा समाज सुधार गर्न अनुकरणीय हुने खाले घटनालाई समावेश गर्दै पुस्तक परिस्कृत गरियोस् भन्ने शुभकामना दिन चाहान्छु।

**कृष्ण प्रसाद शर्मा**
प्रमुख जिल्ला अधिकारी, लमजुङ

मानव अधिकार भनेको राज्यविरुद्ध आम जनताले प्राप्त गर्ने आधारभूत अधिकारको रूपमा लिइने गरिएको छ। मानव अधिकारका केही अधिकार राष्ट्रिय कानुनबाट र केही अन्तर्राष्ट्रिय कानुनबाट निर्देशित भएकाले मानव अधिकारको सवालमा राज्य पछि हट्न पाउँदैन। पुस्तक प्रकाशनले राज्यको मात्र होइन आम नागरिक, सरकार र अन्तर्राष्ट्रिय जगतको आँखा खोलिदिने काम गरेको छ।

**हरिशचन्द्र ढुङगाना**
जिल्ला न्यायाधीश, जिल्ला अदालत, लमजुङ

राज्यले मानव अधिकार संरक्षणको दायित्व लिएको हुन्छ। कतिपय अवस्थामा राज्यले सम्बोधन नगर्दा व्यक्ति पीडित हुन्छ । यस्ता विषय वर्ष पुस्तकमार्फत सार्वजनिक गरिँदा मानव अधिकारको सम्बन्धमा सुसूचित हुने अवसर सिर्जना हुने गरेको छ। वर्ष पुस्तक अझै सुधार हुँदै जाओस् शुभकामना दिन चाहान्छु।

**उदयराज काफ्ले**
श्रेस्तेदार, जिल्ला अदालत, लमजुङ

मानव अधिकार संरक्षण गर्ने निकायलाई मानव अधिकार वर्ष पुस्तक प्रकाशनले जवाफदेही र दायित्ववोध गराएको छ। मानव अधिकार संरक्षण र संवर्द्धनमा इन्सेकको पहलकदमी सदैव अग्रस्थानमा छ। यो पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना मात्र नभई नेपालको कानुनमा भएका सबै व्यवस्थालाई समेटेर राम्रो दस्तावेजको रूपमा समग्र पाठकले पढ्न पाउने व्यवस्था गरेकाले यो पुस्तकको गरिमा झन बढेको पाएको छु।

**गङ्गाबहादुर थापा**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, लमजुङ

इन्सेक जस्ता संस्थाले मानव अधिकारको संरक्षण गर्ने क्रममा केही कमजोरी भए राज्यलाई खबरदारी गरिरहनु पर्छ । साथै वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना मात्र नभई नागरिकका दायित्व तथा नागरिक शिक्षाका विषयमा समेत समावेश गर्न सके मानव अधिकार संरक्षण र संवर्द्धनमा थप बल पुग्ने देखिन्छ।

**चित्राङ्गत बराल**
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, तनहुँ

मानव अधिकार हनन्का विषयमा वर्ष पुस्तकमा समावेश सामाग्रीले दण्डहीनताको अन्त्य गर्न, पीडितलाई न्याय दिलाउन र पीडकलाई कारबाहीका लागि दवाव सृजना गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ। सशस्त्र द्वन्द्वका समयमा भएका मानव अधिकार हनन्का घटनाबारे सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत समस्या समाधान गर्नुपर्छ । यी सबै समस्याहरूको समाधानका लागि दवाव दिन यो पुस्तकले योगदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**केदार सिग्देल**

अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (नेकपा), तनहुँ

इन्सेकको आगामी प्रकाशनमा अझै यथार्थ एवम् वस्तुपरक तथ्याङ्क र विवरण समावेश भएमा यसले आगामी वर्षमा राज्यलाई आफ्नो भूमिका र दायित्व निर्वाह गर्न थप उर्जा मिल्ने विश्वास लिँदै यस प्रकाशन सदा भैँ निरन्तरता पाइरहोस् भन्ने शुभकमना व्यक्त गर्दछु।

**अरुण पौडेल**

एसपी, जिल्ला प्रहरी कार्यालय, तनहुँ

मानव अधिकारको विषय सबैको सरोकारको विषय हो । इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने मात्र हैन, मानव अधिकार हनन्का घटनामा कमी ल्याउन सचेतना कार्यक्रम पनि सञ्चालन गर्नुपर्छ।

**ओमकार आचार्य**

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, तनहुँ

जिल्लामा भएका मानव अधिकार हनन् तथा ज्यादतीका घटनालाई लिपिबद्ध गर्ने इन्सेकको यो पुस्तक एउटा दस्तावेजको रूपमा प्रयोग गर्न सकिन्छ । सार्वजनिक नभएका घटनालाई सार्वजनिक गर्ने र अभिलेख गर्ने हो भने यसको उपयोगिता फराकिलो ऋभै बन्दै जान सक्छ।

**मनमाया पंगेनी**

प्रमुख जिल्ला अधिकारी, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

वर्ष पुस्तकमा समावेश गरिने घटनाको अर्थ दीर्घकालीन हुने भएकाले यसमा समावेश गरिने घटना र त्यसको न्यायिक प्रक्रियाबारे सम्पूर्ण विवरण समावेश गर्न सुझाव छ।

**प्रकाश मल्ल,** एसपी, जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

मानव अधिकार वर्षपुस्तक प्रशासनबाट पीडितले न्याय प्राप्त गर्न सहयोग पुगेको महसुस गरेको छु। मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई निष्पक्ष र निडर रूपमा उजागर गरेको मैले देखेको छु। राज्य पक्षबाट भएका घटना हुन वा अन्य पक्षबीच भएका सबै घटनालाई प्रष्ट पार्न इन्सेकको भूमिका प्रशंसनीय रहेको छ।

**विश्वप्रसाद रेग्मी**

श्रेस्तेदार, उपसचिव, स्याङ्जा जिल्ला अदालत

वर्ष पुस्तकमा स्थान दिइने सामग्री विगत केही वर्षदेखि एउटै प्रकृतिका छन् । अन्तर्राष्ट्रिय समुदायको समेत ध्यान खिच्न सक्ने वर्ष पुस्तकको स्तर बढाउन र यसमा समाविष्ट सामग्री खँदिलो तथ्यपूर्ण बनाउन जरुरी छ। किनकी यसका आधारमा राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूले धारणा बनाउने गरेका छन्। जो राष्ट्रको मानव अधिकारको अवस्थासँग जोडिएको हुन्छ । पीडितलाई न्याय र पीडकलाई दण्डित गर्न वर्ष पुस्तकमा प्रकाशित सामाग्रीले मद्दत गर्न सकुन् र मानव अधिकारको क्षेत्रमा क्रियाशिल शोधकर्ता र अध्येताका लागि वर्ष पुस्तक बढी उपयोगी हुन सकोस्।

**ओमप्रकाश शर्मा**

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, स्याङजा शाखा

मानव अधिकार संरक्षण गर्न प्रेरित गर्दै सबैखाले मानव अधिकार उल्लङ्घनका घटनाहरू समेटेर प्रकाशन गरिने यो पुस्तक सबैको लागि महत्वपूर्ण हुन्छ।

**सीता सुन्दास**

प्रमुख, जिल्ला समन्वय समिति स्याङजा, अध्यक्ष, जिसस महासङ्घ नेपाल

मानव अधिकारसम्बन्धी भएका घटना पुस्तकमा समावेश गरिँदा यस्ता घटना नियन्त्रण र कारबाही गर्न थप सहयोग र सजिला भएको मानव अधिकारको संरक्षण तथा काम कारबाहीमा सहयोग पुऱ्याउन यस पुस्तकले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ।

**होविन्द्र बोगटी**

एसपी, जिल्ला प्रहरी कार्यालय, स्याङजा

यस पुस्तकले विगत द्वन्द्वको समयमा मानव अधिकार हनन्का विषयमा पैरवी गर्दै द्वन्द्वरत पक्षलाई

मानव अधिकारको पक्षमा उभिन घच्घचाइरहेको थियो । फेरिएको परिस्थितिमा समाजमा विकृतिको रूपमा अगाडि बढेको मानव अधिकार हननको पक्षमा दृढतापूर्वक अगाडि बढोस् भनी शुभकामना व्यक्त गर्दछु।

**सूर्यप्रसाद गैह्रे 'पारस'**
अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी, स्याङजा

जिल्लामा अहिले मानव अधिकार उल्लंघनका घटना बढिरहेका छन् । बढी मात्रामा बलात्कारका घटना यस जिल्लामा देखिन्छन्। यी र यस्ता घटनाको यथार्थ विवरण सङ्कलन गरी सम्बन्धित पक्षलाई खबरदारी गर्दै आएको इन्सेकले आगामी दिनमा थप नजिकबाट घटनाको अभिलेख गर्नेतर्फ अग्रसर हुन सकोस्।

**विश्वराज अधिकारी**
डिएसपी जिल्ला प्रहरी कार्यालय, पर्वत

राज्यका न्यायिक तथा अर्धन्यायिक निकायमा विभिन्न पीडितले अझै सहज रूपमा सेवा लिन सकिरहेका छैनन्। कानुनी सहायताबाट न्यायको अपेक्षा गरेका जनता अझै पनि निराश भएर फर्किनुपर्ने र लामो समयसम्म न्यायका लागि पर्खिनुपर्ने अवस्थालाई इन्सेकले पुस्तकमा समावेश गर्नुपर्छ।

**चन्द्रबहादुर क्षेत्री**
अध्यक्ष, पर्वत बार इकाइ

राज्य पक्ष र गैर राज्य पक्षबाट भएका घटनाका अतिरिक्त परिवार र समाजबाट खासगरी महिला बालबालिका एवम् पिछडिएका वर्गमाथि हुने गरेका असान्दर्भिक एवम् अमानवीय घटना र व्यवहार समेत खोजमूलक ढङ्गबाट पुस्तकमा समावेश गर्न सके अझै उपयोगी हुने ठान्दछु।

**घनश्याम गौतम**
सहायक प्रमुख जिल्ला अधिकारी, पर्वत

मानव अधिकार वर्ष पुस्तकलाई मसिनो गरी घटनाहरू खोज अनुसन्धान गर्न इन्सेकले जुन प्रयास गरेको छ यो अत्यन्तै सराहनीय छ । वर्ष पुस्तकबाट भोलिका दिनमा पनि समग्र मानव अधिकारको अवस्थाबारे अझै जान्न पाइयोस् शुभकामना।

**नन्दप्रसाद आचार्य**
तहसिलदार, पर्वत जिल्ला अदालत

मानव अधिकारको विषय ठूलो र फराकिलो भएकाले एक दुई विषयमा मात्र भन्दा फराकिलो दायरा बनाएर काम गर्दा अझै प्रभावकारी हुन्छ। अहिले पनि इन्सेकका पुराना प्रकाशनलाई हेरेर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा नेपालको मानव अधिकारको धारणा बन्छ, तर पछिल्लो समय इन्सेक तथ्याङ्क सङ्कलनमा बढी केन्द्रित देखिएको महसुस भएको छ । राज्यलाई जवाफदेही बनाउन इन्सेकले गरेको काम सराहनीय भए पनि पीडितलाई न्याय प्रदान गर्न, राहत र पुर्नस्थापना गर्न यसले थप भूमिका खेल्नु पर्छ।

**सुरेश न्यौपाने**
प्रमुख जिल्ला अधिकारी, बाग्लुङ

यो वर्ष देशमा कोरोनाले ठूलो क्षति पुऱ्यायो। पुनः देश राजनीतिक अस्थिरतातर्फ उन्मुख हुने संकते देखिन थालेको छ। यो परिस्थितिमा इन्सेकले राज्यलाई आफ्नो दरिलो उपस्थितिको आभाष दिलाउन आवश्यक छ। राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन, गाँस बास र कपासका विषयमा इन्सेकले थप कलम चलाओस् शुभकामना।

**दीपेन्द्र थापा**
सभापति, नेपाली कांग्रेस, बाग्लुङ

आवाज विहीनहरूको आवाज बनेर राज्यलाई जवाफदेही बनाउन इन्सेकले आफ्नो भूमिकालाई थप प्रभावकारी बनाओस् शुभकामना।

**देशबहादुर श्रेष्ठ**
नागरिक समाज, बाग्लुङ

पुस्तकले राज्य र सरोकारवाला निकायलाई मानव अधिकारप्रति जिम्मेवार बनाएको छ। पुस्तक समग्र मानव अधिकारको दस्तावेजसँगै मानव अधिकारको इतिहास पनि हो। आगामी दिनमा सबै घटना समेटेर वर्ष पुस्तक प्रकाशन हुन सकोस्।

**हिमबहादुर जिसी लेकाली**
अध्यक्ष नेपाल पत्रकार महासङ्घ, अर्घाखाँची

वर्ष पुस्तककमा समावेश हुने घटनाहरू पूर्ण छन्। वर्ष पुस्तकमा कारागार र कैदी बन्दीको अधिकार र अवस्था समेत समेटिने हुँदा यो निकै महत्वपूर्ण दस्तावेज हो । इन्सेकले मानव अधिकरको सवालमा सञ्चालन गरेको अभियान निकै सराहनीय छ।

**नुमलाल पन्थी**
प्रमुख, जिल्ला कारागार कार्यालय, अर्घाखाँची

वर्ष पुस्तकमा प्रकाशन हुने घटनाहरूले मानव अधिकारको कार्यान्वयन गर्ने पक्षलाई जिम्मेवार बनाएको महसुस गरेको छु। वर्ष पुस्तकले घटना सँगसँगै अवस्थाको समेत चित्रण गरेको छ। वर्ष पुस्तक निरन्तर प्रकाशन हुन सकोस्।

**सुजन शाह**
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची

जिल्लामा भएका अपराधका मुख्य मुख्य घटना विवरणका साथै जनताको शिक्षा, स्वास्थ्य, रोजगार लगायतका आधारभूत आवश्यकता जस्ता विषयवस्तु र समाजमा हुने छुवाछूत भेदभावका घटना र भएका कारबाहीका विषय पनि समेट्न सकिएमा पुस्तकले अझ पूर्णता पाउने सुझाव दिन चाहन्छु । पुस्तक बढी ज्ञानबर्द्धक र मानव अधिकार प्रवर्द्धनमा उपयोगी हुन सकोस् भन्ने कामना व्यक्त गर्दछु।

**ओमबहादुर राना**
एसपी, जिल्ला प्रहरी कार्यालय, बाँके

आगामी दिनमा पुस्तकले आर्थिक, सामाजिक तथा विकाससँग सम्बन्धित सवालहरू, नागरिकको संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन सम्बन्धमा समेत अझ सैद्धान्तिक र वस्तुगत रूपमा घटनाहरूको प्राथमिकताकासाथ अभिलेख गर्नेछ भन्ने सुझावसहित यस कार्यको निरन्तरताको शुभकामना।

**झङ्करबहादुर रावल**
कार्यालय प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग
लुम्बिनी प्रदेश, शाखा कार्यालय, नेपालगञ्ज

पुस्तकले घटनाको सम्पूर्ण तथ्य जानकारी हुने सुत्रको रूपमा काम गरेको छ। घटनाको विषयमा विस्तृत रूपमा खोज्न यसले सहयोग पुऱ्याएको छ। यसले मानव अधिकार संरक्षण गर्नको लागि सबै नागरिक र सरोकारवालाहरूमा चेतना प्रदान गरेको छ।

**विकास आचार्य**
अध्यक्ष, उच्च बार एशोसिएसन, बाँके

वर्ष पुस्तकले सत्य तथ्यमा आधारित भई मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन र सम्प्रेषण गर्दै आएको छ। कपिलवस्तुको सन्दर्भमा यस पुस्तकमा राम्रा नराम्रा दुबै पक्ष समेटिने छ भन्ने अपेक्षा गरेको छु। मानव अधिकार संरक्षण गर्ने कार्यमा इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकको उल्लेख्य योगदान छ।

**दीर्घनारायण पौडेल**
प्रमुख जिल्ला अधिकरी, जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु

मानव अधिकार वर्ष पुस्तक पुस्तकका लागिमात्र नभई मानव अधिकारका लागि निरन्तरको अभियान भएकाले वर्ष पुस्तकमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपागङ्ता र पछाडि परेको समुदायका समस्यालाई पनि समेट्न सकोस्।

**गणेश नेपाली**
जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तकमा राज्य पक्षले के गल्ती गऱ्यो भनेर खोतल्नु मात्र भन्दा पनि के भइरहेको छ भन्ने विषयमा फिल्डमा गएर सत्यतथ्य र यथार्थ परक मानव अधिकारका विषयलाई समेट्नु पर्दछ । कोभिड– १९ को बेला अग्रपङ्क्तिमा खटने प्रहरीले भोगेका समस्या पनि वर्ष पुस्तकमा समेटनु पर्ने र बढी घटना हुने सवारी दुर्घटना र आत्महत्यालाई पनि मानव अधिकार वर्ष पुस्तकले समावेश गर्नेछ भन्ने अपेक्षा छ।

**नवराज अधिकारी**
एसपी, जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु

वर्ष पुस्तक मानव अधिकारको क्षेत्रमा निकै राम्रो दस्तावेज हो । वर्ष पुस्तकमा न्याय सम्पादनका विषयमा राज्य र गैरराज्य पक्षबाट भएका घटनाहरू समावेश हुन सकुन्।

**हिरण्य प्रसाद भण्डारी**
श्रेस्तेदार, जिल्ला अदालत, कपिलवस्तु

अघिल्लो वर्ष भएका घटनाका कतिपय दोषीहरू छुटकारा पाएका हुन सक्छन्। इन्सेकले घटनाको फलोअफ गरेर मात्र पुस्तकमा प्रकाशन गरोस्। पीडितले पाउनुपर्ने क्षतिपूर्तिको रकम सम्बन्धमा अदालतबाट भएको निर्णय बमोजिमको रकम पाएका छैनन्। उक्त रकम पीडितलाई उपलब्ध गराउन इन्सेकले प्रभावकारी भूमिका खेल्नेछ।

**रत्नप्रकाश गिरी**
जिल्ला न्यायाधिवक्ता, कपिलवस्तु
पुस्तक प्रकाशित गर्नुपूर्व जिल्लामा समीक्षा

गरी पुस्तकमा छुटेका घटना समावेश गर्दा अधिकांश घटना समावेश भएको पाइयो। पुस्तकमा आएका घटना सत्यतथ्य र विश्वनीय छन्। इन्सेकले हरेक वर्ष संकलन गर्ने घटनाले जिल्लाको मानव अधिकारको अवस्थाको बारेमा बुझ्न पाइयो।

**भूमिराम पोखरेल**
निमित्त समन्वय अधिकारी, जिल्ला समन्वय समिति, कपिलवस्तु

मानव अधिकार वर्ष पुस्तक द्वन्द्वकालीन घटनाको प्रमाणको रूपमा पनि प्रयोग हुने हुँदा यसको महत्व राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा रहेको छ। त्यसैले वर्ष पुस्तक प्रकाशनले दण्डहीनता अन्त्यका लागि सहयोग गरेको महसुस भयो।

**प्रविणकुमार श्रीवास्तव**
अध्यक्ष, गैसस
महासङ्घ, कपिलवस्तु

इन्सेकले जुनसुकै घटनालाई अनुगमन गर्दा जिल्लाका अन्य मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थालाई समेटेर संयुक्त अनुगमन गर्ने वातावरण मिलाओस्।

**रबिन्द्रनाथ ठाकुर**
अध्यक्ष, मधेश
मानव अधिकार गृह माहुरी होम, कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तक निकै उपयोगी छ। स्थानीय तहमा हुने भ्रष्टचारलाई नियन्त्रण गर्न इन्सेकले पहल गरोस र वर्ष पुस्तकमा अभिलेख गरोस्।

**डिलाराम भुषाल**
अध्यक्ष, नेपाल
नेपाल पत्रकार महासङ्घ शाखा कार्यालय, कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हननका घटना र मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका क्षेत्रमा भएका गतिविधिको चित्रण गरेको छ। भावी दिनमा सरोकारवाला सबैको निरन्तर अध्ययन, अनुसन्धान, समन्वय र सहकार्यबाट मानव अधिकार रक्षार्थ कार्यसम्पादन गर्न वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु।

**सागरमणि पाठक**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, नवलपरासी पश्चिम

मानव मात्रको सर्वोत्तम हितका लागि न्यायको मान्य सिद्धान्त बमोजिम मानव अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने, गराउने र सो सम्बन्धमा जनचेतना समेत जगाई मानव अधिकारको प्रत्याभूति दिलाउने सन्दर्भमा इन्सेकद्वारा प्रकाशित हुन गइरहेको मानव अधिकार वर्षपुस्तकको महत्वपूर्ण भूमिका हुन्छ। यस्तो भूमिका निर्वाह गर्न अझ बढी सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**ध्रुवकुमार शाह**
न्यायाधीश, नवलपरासी जिल्ला अदालत, नवलपरासी पश्चिम

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको चित्रण गर्दै मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी न्याय सम्पादनलाई सहज बनाउँदै आएको छ । हरेक वर्ष प्रकाशित हुँदै आएको वर्ष पुस्तकलाई सबैको सहज पहुँचमा पुऱ्याउन जरुरी छ।

**चन्द्रबहादुर सिंजाली**
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, नवलपरासी पश्चिम

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अवस्था झल्काउने दर्पणको रूपमा रहेको छ। यस प्रकारको कार्यले मानव अधिकार संरक्षण र संवर्द्धनको क्षेत्रमा सकारात्मक भूमिका खेलेको महसुस गरेको छु।

**चुराबहादुर थापा**
अध्यक्ष, नेपाल बार एसोसियशन, नवलपरासी पश्चिम

नेपाल मानव अधिकार वर्ष पुस्तकले देशभरका घटनाको फेहरिस्तमात्र नभई सिङ्गो मानव अधिकारका लागि निरन्तर अभियान हो। जसले आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक रूपान्तरणका लागि भूमिका खेल्दै आएको छ। यसको निरन्तरताको कामना गर्दछु।

***अमरबहादुर डाँगी,***
*लुम्बिनी प्रदेश सभा सदस्य*

वर्ष पुस्तकमा केही शब्दावली नमिलेको जस्तो लाग्यो मलाई। घटनाका आरोपितविरुद्ध प्रहरीले मुद्दा चलायो भन्ने ठाउँमा सरकारी वकिल कार्यालयले उल्लेख गर्नुपर्छ की ?

***ढकबहादुर रावत***
सहन्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, दाङ

देशकै मानव अधिकार अवस्था दर्शाउने यो पुस्तक खासगरी राज्य संचालकले गहिरो गरी अध्ययन गर्न जरुरी छ। देश, समाज र जनताको अवस्था के छ भन्ने यसैले देखाइरहेको छ। बजेट, कार्यक्रम बनाउनेले यो हेर्छन् कि हेर्दैनन् ? हेर्नका लागि आग्रह गर्दछु।

***सुशीला पौडेल***

अध्यक्ष, अन्तरपार्टी महिला सञ्जाल, दाङ

नेपाल मानव अधिकार वर्ष पुस्तकलाई साझा सम्पत्तिका रूपमा हेर्नुपर्छ। त्यसैले यसमा समेटिने सामग्री सत्य, तथ्य हुन जरुरी छ। पछिल्ला दिनमा अदालतमा मुद्दा होस्टायल हुने क्रम चलेको छ। वर्ष पुस्तकले समाजमा हुने घटनाको प्रमाण संरक्षण गर्नु पर्छ भन्ने सन्देश, सचेतना दिने काम गरोस्।

***धनसिङ गिरी***

*श्रेस्तेदार, जिल्ला अदालत, दाङ*

वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको चित्रण गरेको पाइन्छ। नागरिकको मानव अधिकार संरक्षणमा राज्यको मुख्य दायित्व रहे पनि समाजका सबै वर्ग राजनीतिक दल, उद्योगी, व्यापारी, पत्रकार र नागरिक समाज लगायत सबैको दायित्व रहने भएको हुँदा राज्यका तर्फबाट मानव अधिकारको संरक्षण गर्न आफ्नो तर्फबाट सदैव तत्पर रहेको र सबै क्षेत्रबाट सहयोगको अपेक्षा गरेको छु।

**राजकुमार राई**

प्रमुख जिल्ला अधिकारी, रुकुम पूर्व

वर्ष पुस्तकका सूचना अत्यन्तै खोजमूलक र अनुसन्धानमूलक भएको पाएको छु। सूचनाका आधारमा राज्यका निकायहरूलाई मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने सर्न्दभमा अझ बढी झक्झक्याउने, अझ बढी क्रियाशील बनाउने कार्यमा पुस्तकमा भएका विषयवस्तुले अझ बढी जिम्मेवार बोध गर्न टेवा पुऱ्याइ राखेको पाइन्छ।

**कुबेर पाण्डे**

श्रेस्तेदार, जिल्ला अदालत, रुकुम पूर्व

पुस्तक जिल्लाका मुख्य कार्यालयमा मात्र आउने गर्दछ। प्रत्येक विद्यालय, स्वास्थ्य संस्था लगायत दूरदराज गाउँसम्म पुऱ्याउने व्यवस्था भए राम्रो हुने थियो। पुस्तकले आगामी दिनमा पनि मानव अधिकारको संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरेको छु।

**दामोदर गौतम**

अध्यक्ष, जिल्ला बार एशोसिएशन रुकम पूर्व

जिल्लामा एक जना प्रतिनिधिले मात्र सबै घटना सङ्कलन गर्न सक्दैन्। घटना सङ्कलनसँगै दूरदराजका पीडितलाई न्यायको बाटोमा डोऱ्याएर पीडकलाई कारबाही र पीडितलाई न्यायको अनुभूति गराउने बेलासम्म इन्सेक देखिनु पर्छ। वर्ष पुस्तकलाई सीमित घेराभित्र राखिनु हुँदैन।

**गोपाल खनाल, अध्यक्ष**

नेपाल बार एशोसियशन, गुल्मी

वर्ष पुस्तक फराकिलो विषयवस्तुका साथ प्रकाशन हुनुपर्नेमा झन् पछि झन साँघुरिएको महसुस भएको छ। यो देशको सन्दर्भ र समाजका जल्दाबल्दा विषयमा इन्सेकले भूमिका बढाउनु पर्छ।

**गणेश विश्वकर्मा,**

अध्यक्ष दलित साझा मञ्च, गुल्मी

जातीय छुवाछूतका घटनाको संकलन, घरेलु हिंसा पीडित, दलित महिला, नागरिकता नपाएर समस्यामा परेका महिला बालबालिकाको क्षेत्रमा इन्सेकले प्रशंसनीय काम गरेको छ।

**कमला बराल**

महिला अधिकारकर्मी, गुल्मी

इन्सेकका गतिविधि स्थानीय तहसम्म पुग्नुपर्छ। साथै बलात्कारका घटना मात्रै नभएर आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अवस्था बाहिर ल्याउनु पर्छ।

**रामबहादुर कुँवर**

शाखा अधिकृत, जिल्ला अदालत, गुल्मी

जिल्लाका कुनै पनि घटना वर्ष पुस्तकमा नछुटुन् भनी इन्सेकका सबै अङ्ग चनाखो हुनुपर्छ। जिल्लास्थित सरोवारवालासँगको सहकार्य अझै मजबुत हुँदै जानेछ भन्ने शुभकामना व्यक्त गर्दछु।

**विजयसिंह भारती**

सचिव, नेपाल पत्रकार महासङ्घ, प्यूठान

मानव अधिकार वर्ष पुस्तकले जिल्लागत रूपमा मानव अधिकारको यथार्थ चित्रण गर्ने कार्य गर्दै आएको छ। मानव अधिकारको क्षेत्रमा इन्सेकले गरेको कार्यको उच्च प्रशंसा गर्न चाहन्छु।

**सुनिल मल्ल**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, प्यूठान

पछिल्ला वर्षमा नेपालमा मानव अधिकार उल्लङ्घनका घटनामा क्रमिक रूपमा वृद्धि हुँदै गएको देखिन्छ। राज्यका प्रशासनिक संयन्त्रले प्रभावकारी काम गर्न नसक्दा समाजमा दण्डहीनताले प्रश्रय पाएको देखिन्छ। यस्तो परिवेशमा प्रकाशन हुन लागेको मानव अधिकार वर्ष पुस्तकको सान्दर्भिकता अझ बढ्ने देखिन्छ। राज्यलाई जवाफदेही बनाउन अभिलेख तथा प्रकाशनहरू महत्वपूर्ण मानिन्छन् । यो दिशातर्फ वर्ष पुस्तक परिलक्षित होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**अधिवक्ता डा.शिवराज पण्डित**

केन्द्रीय सदस्य, नेपाल बार एशोसिएशन,प्यूठान

वर्ष पुस्तक वास्तविक सूचना एवम् तथ्याङ्कमा आधारित महत्वपूर्ण दस्तावेजका रूपमा मानिन्छ। मानव अधिकार वर्ष पुस्तकले अधिकार हनन् भएका पीडितका लागि न्याय प्राप्तिको आधारका रूपमा काम गर्न सकोस् भन्ने शुभकामना।

**पार्वता आचार्य**

संयोजक, जिल्लास्तरीय मानव अधिकार सञ्जाल, प्यूठान

पुस्तक हेर्नासाथ कुन जिल्लाको मानव अधिकार अवस्था कस्तो रहेछ भन्ने विषयमा प्रष्ट हुन सकिन्छ। हामीलाई पनि मानव अधिकारको विषयमा जान्न बुझ्न परेमा वर्ष पुस्तकलाई स्रोतको रूपमा लिँदै आएका छौं।

**ध्रुवबहादुर कुँवर**

जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति, पाल्पा

समग्र देशकै मानव अधिकारको अवस्था झल्काउने महत्वपूर्ण दस्तावेजको रूपमा मैले नेपाल मानव अधिकार वर्ष पुस्तकलाई लिएको छु। यसको नेतृत्व इन्सेकले गर्दै आए पनि यो वर्ष पुस्तक देशकै सम्पत्ति हो।

**भेषराज तिमल्सिना**

अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, पाल्पा

पुस्तकमा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका आवश्यकताहरूलाई पनि समावेश गर्दै लैजान सके अझ प्रभावकारी हुन्छ।

**भगवान भण्डारी**

पूर्व अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, पाल्पा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकका जुनसुकै स्थानमा राज्यपक्ष वा गैरराज्य पक्षबाट भएका मानव अधिकार हनन् र ज्यादतीका घटनाहरूको अभिलेख मात्र नभई मानव अधिकारको संरक्षण र सामाजिक न्याय प्राप्तिका लागि राज्यका निकायका साथै आम नागरिकलाई समेत सचेत गराउने र जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्य निकै नै प्रशंसनीय रहेको छ। आगामी दिनमा मानव अधिकारको क्षेत्रमा अझ उल्लेखनीय कार्य गर्न सकोस्।

**लीला गिरी**

मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण, लुम्बिनी प्रदेश

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्नुका साथै वर्तमान अवस्थाबारे चित्रण गरेको हुन्छ । मानव अधिकारको क्षेत्र संवेदनशील र गम्भीर भएकाले सरोकारवालाको निरन्तर अध्ययन, अनुसन्धान, समन्वय, सहकार्य र अनुभव आदान प्रदान गरी काम गर्नु जरुरी छ।

**प्रवीण पोखरेल**

एसपी, जिल्ला प्रहरी कार्यालय, रूपन्देही

मानव अधिकारका क्षेत्रमा निर्माण गरिने योजनाको तर्जुमा गर्दा समेत यस पुस्तकलाई सन्दर्भ सामग्रीको रूपमा लिन सकिन्छ । विभिन्न सरोकारावालासँगको आवश्यक परामर्श र छलफलबाट पुस्तकलाई परिमार्जन गरी निखारता ल्याउन गरेको प्रयासहरू सान्दर्भिक छन् । आगामी दिनमा यस पुस्तकको निरन्तरताको खाँचो यथावत नै छ।

**सम्झना शर्मा**

कार्यालय प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय, बुटवल

मानव अधिकार बिना मानवीय मर्यादा, मानवीय मूल्य, मान्यता र सम्पूर्ण मानव सभ्यताको संरक्षण हुन नसक्ने यथार्थतालाई महसुस गरी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार संरक्षणका लागि विभिन्न कदम चालिँदै आएका छन्। इन्सेकले वार्षिक रूपमा मानव अधिकारको अवस्थाको चित्रण गरी वर्ष पुस्तक प्रकाशन गरेर यस विषयमा अध्ययन र अनुसन्धान गर्ने कार्यलाई निकै सहयोग पुऱ्याएको छ। मानव अधिकार गर्भदेखि चिहानसम्म जोडिने विषय

भएकाले यसको संरक्षण र संवर्द्धनमा लाग्नु हामी सबैको दायित्व हो।

**पिताम्बर घिमिरे**
प्रमुख जिल्ला अधिकारी, रूपन्देही

मानव अधिकार उल्लङ्घनका घटनाको फेहरिस्त प्रस्तुत गर्दा त्यसको कारणको खोजी गरी उल्लेख गर्न आवश्यक छ। कुनै घटना भइसकेपछि त्यसपछिको अवस्थाका बारेमा निगरानी आवश्यक छ। घटनाको उल्लेख हुने तर त्यसपछिको अवस्थाको बारेमा ध्यान नदिने प्रवृत्ति धेरै छ। अहिलेसम्म इन्सेकले जति गरेको छ, त्यो राम्रो छ, नियमित रूपमा प्रकाशन हुनु नै ठूलो कुरा हो। सरकारले नागरिकको स्वास्थ्य बीमा गर्ने नीति लिँदै कार्यक्रम अघि बढाएको छ। स्वास्थ्य बीमा कार्यक्रमले स्वाभाविक रूपमा स्वास्थ्य सेवा पहुँचलाई बढाएको छ। यी विषयले पार्ने प्रभावका विषयमा पुस्तकमा विश्लेषण हुन सक्यो भने समाजमा सकारात्मक प्रभाव पार्ने छ।

**शेरबहादुर केसी**
प्रेस सल्लाहकार, मुख्यमन्त्री, लुम्बिनी प्रदेश

नेपालमा मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनको सन्दर्भमा जनचेतना जगाउने कार्यमा इन्सेकको महत्वपूर्ण भूमिका रहेको छ। इन्सेकद्वारा प्रत्येक वर्ष मानव अधिकारको अवस्था र भए गरेको कार्यको समीक्षासहित प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सचेतना जगाउने काम गरेको छ। कुनै पनि आग्रह पूर्वाग्रह नराखी निष्पक्ष रूपमा आफ्नो प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने र मानव अधिकारको संरक्षणको मुख्य जिम्मेवारी रहेको राज्यको समेत ध्यानाकर्षण गराउने, सचेत बनाउने कार्यमा वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ।

**सुदर्शन बराल**
सामाजिक विकास मन्त्री, लुम्बिनी प्रदेश कार्यालय

इन्सेकले सङ्कलन गरेका घटना आफैंमा सत्यतथ्यमा आधारित छन्। पुस्तकमा घरेलु हिंसाका घटना, कोभिडका कारण लामो समय विद्यालय बन्द हुँदा त्यसले पारेको असर, सडक बालबालिका र उनीहरूको वर्तमान अवस्थामा सरकारले गर्नुपर्ने भूमिका लगायतका विषयलाई पुस्तकमा समेट्नु पर्ने देखिन्छ।

**छक्क धरला**
सदस्य, न्यायिक समिति त्रिपुरासुन्दरी गाउँपालिका, डोल्पा

कृषकले भोग्नु परेका समस्या, समयमा बीउ नपाएका विषय, घरेलु हिंसा, आत्महत्याका घटनालाई पुस्तकमा समावेश गर्नुपर्छ। सशस्त्र द्वन्द्वमा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाका पीडितले न्याय नपाएको सम्बन्धमा फलोअप गरी वर्ष पुस्तकमा समेट्दा निराकरणमा समाधान हुन्थ्यो। न्यायिक समितिले न्याय सम्पादन गरेका र ढिलासुस्ती भएका विषय पनि पुस्तकमा समेट्नु पर्छ।

**जयनन्द उपाध्याय**
सचिव, नेपाली कांग्रेस पार्टी, डोल्पा

मानव अधिकार वर्ष पुस्तक पढ्ने मौका मिल्यो। विगत लामो समयदेखि नेपालमा मानव अधिकार संरक्षण र संवर्द्धनको क्षेत्रमा इन्सेकले निभाएको भूमिका प्रशंसा योग्य रहेको छ। आगामी दिनहरूमा इन्सेकद्वारा सम्पादन हुने क्रियाकलाप अझै प्रभावकारी हुँदै जाउन् हार्दिक शुभकामना।

**राजु पाण्डे**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, डोल्पा

जिल्लामा वर्षभर भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको संग्रहको रूपमा रहने वर्ष पुस्तक यस क्षेत्रमा संलग्न व्यक्ति, संस्था तथा आम अध्यताको लागि उपयोगी हुनेछ र आगामी दिनमा मानव अधिकार उल्लङ्घनका घटनाहरूमा न्यूनीकरण गर्न थप सहयोग पुग्ने अपेक्षा गर्दछु।

**चिरञ्जीवि गिरी**
प्रमुख जिल्ला अधिकारी, हुम्ला

नेपालको मानव अधिकारको संरक्षणमा वर्ष पुस्तकले सहयोग पुऱ्याउँदै आएको छ। गाउँगाउँमा भएका सबै घटनाको अभिलेख गरी मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित हुन आवश्यक छ। इन्सेकद्वारा प्रकाशित वर्ष पुस्तक समय सापेक्ष छ। आगामी दिनमा पुस्तकले थप निष्पक्षताकासाथ घटना प्रकाशित गरोस्।

**दानबहादुर रावत**
निमित्त श्रेस्तेदार, जिल्ला अदालत, हुम्ला

वर्ष पुस्तकले मानव अधिकारको जानकारी दिनुका साथै मानव अधिकारको पालना गर्न सरोकारवाला निकायलाई सचेत गर्ने गरेको छ। यस पुस्तकले जिल्लामा भएका मानव अधिकार उल्लङ्घन

र ज्यादतीका घटनालाई उजागर गरी घटना न्यूनीकरणमा सक्रिय भूमिका खेलेकोमा आगामी दिनमा थप उल्लेखनीय भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

**चेतराज बराल**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जाजरकोट

वर्ष पुस्तकले मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धनमा सराहनीय भूमिका निर्वाह गरेको छ। आगामी पुस्तकले तथ्यपरक र यथार्थपरक घटनाको निष्पक्ष एवम् स्वतन्त्र ढङ्गले विश्लेषण गर्दै मानव अधिकारको संरक्षण, समाज र राष्ट्रको दायित्वलाई अझ बढी सजग तुल्याउने छ।

**किशोरकुमार श्रेष्ठ**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

मानव अधिकार उल्लङ्घन र ज्यादतीका विषयमा सत्यतथ्य सूचना सबैले पाउने र यसले मानव अधिकारका क्षेत्रमा गर्ने भावी योजना बनाउन वर्ष पुस्तक बलियो आधार बन्दै गएको छ।

**राजेन्द्रविक्रम शाह**

नागरिक अगुवा, जाजरकोट

मानव अधिकार वर्ष पुस्तकले अधिकारबाट बञ्चित महिला, बालबालिकामाथि भएका मानव अधिकार हनन्, अमानवीय घटनाका साथै आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारका विषयमा जिल्ला तहमा बहसको सिर्जना गर्ने र सरोकारवालाको ध्यानाकर्षण गराउने काम गरेको छ। इन्सेकले गरेको घटना अभिलेख, छलफल, अन्तरक्रियाले सरोकारवालाको काम गराइमा समेत टेवा पुग्ने अपेक्षा गरेको छु।

**बद्रीनाथ गैह्रे**

प्रमुख जिल्ला अधिकारी, रुकुम पश्चिम

नेपाल मानव अधिकार वर्ष पुस्तकमा समेटिएका सबै घटना सत्यतथ्यमा आधारित छन् । यसको विश्वसनीयताले नै यो पुस्तक महत्वपूर्ण मानिएको छ। तथ्याङ्क सङ्कलन, गहन अध्ययन र विश्लेषणले पुस्तक पठनीय बनाएको छ।

**भुवनेश्वर उपाध्याय**

वैतनिक वकिल, जिल्ला अदालत, रुकुम पश्चिम

मानव अधिकार वर्ष पुस्तकले समग्र मानव अधिकार अवस्थाको स्पष्ट रूपले चित्रण गर्ने गरेको पाएको छु । जिल्लामा हुने समीक्षा कार्यक्रममा जिल्लाका समसामयिक विषयमा गहन छलफल हुने, सबैको सुझाव सङ्कलन गर्ने र ती सुझावलाई ग्रहण गरेर पुस्तक तयार गर्दा गुणस्तरीय भएको छ।

**अधिवक्ता एक्कबहादुर पाण्डे**

अध्यक्ष, जिल्ला बार इकाई, रुकुम पश्चिम

यस पुस्तकले सरकारी संयन्त्रलाई आगामी योजना बनाउन सहयोग र मानव अधिकार हनन्का घटनामा सरकारका निकायलाई काम गर्न सहयोग पुग्ने गरेको छ। कुन मितिमा, कस्को, कसले, कस्तो खालको घटनामा मानव अधिकार हनन् भएको थियो भन्ने महत्वपूर्ण तथ्याङ्क जुनसुकै बेला खोज्दा भेटिने यो पुस्तकलाई मैले एउटा ऐतिहासिक दस्तावेजको रूपमा लिने गरेको छु । यसबाट विगतका वर्षको मानव अधिकारको अवस्था र हालको अवस्थालाई समेत तुलनात्मक रूपले हेर्न र विश्लेषण गर्न सकिन्छ।

**महेश केसी**

पत्रकार, कान्तिपुर टेलिभिजन, रुकुम पश्चिम

मानिस भएर जन्म लिएपश्चात मानवका नाताले उपभोग गर्न पाउने मानिसका विभिन्न अधिकार कुन–कुन पक्षबाट कसरी हनन् भयो भन्ने विषयमा वर्ष पुस्तकले उजागर गरी सम्बन्धित पक्षलाई मानव अधिकारको सम्मान गर्न अभिप्रेरित गरेको महसुस गरेको छु। सभ्य समाज परिकल्पना मानव अधिकारको पालना नभई सम्भव हुँदैन भन्ने मेरो विश्वास छ। इन्सेकले निष्पक्ष ढङ्गबाट मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्दै आगामी पुस्तकमा समावेश हुँदै जाओस् भन्ने सफलताको शुभकामना दिन चाहान्छु।

**सावित्रा बस्नेत**

उपप्रमुख, शारदा नगरपालिका, सल्यान

वर्तमान समयमा मानव अधिकारको अवधारणागत दायरा विस्तृत हुँदै गइरहेको अवस्थामा मानव अधिकार वर्ष पुस्तकले आर्थिक, सामाजिक, सांस्कृतिक र विकासको अधिकार समेतका विषयगत पक्ष समेटेको देखिन्छ । यसर्थ, आउँदा दिनमा वर्ष पुस्तकमा मानव अधिकारका समष्टिगत पक्ष समेटियोस् भन्ने अपेक्षा राख्दै मानव अधिकारको संरक्षण एवम् प्रर्वद्धनका लागि मानव अधिकार वर्ष पुस्तक अझ

प्रभावकारी स्रोत र माध्यम हुन सकोस् भन्ने कामना गर्दछु।

**सीपी वली**
अध्यक्ष, नेपाल बार एशोसिएशन सल्यान

राज्यपक्षले मानव अधिकार उल्लङ्घन गरे नगरेको सम्बन्धमा इन्सेकले गरेको अनुगमनले राज्य पक्ष सचेत भएको देखिन्छ। अधिकारकर्मीहरूले हिरासतको अवस्था अनुगमन गर्ने भएकाले हामीलाई उनीहरू प्रति गरिने व्यवहारमा सचेत बनाएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकमा देशभरिको मानव अधिकार अवस्थाका विषयमा पढ्न पाइने भएकाले यस कार्य अत्यन्तै प्रशंसनीय छ। तसर्थ इन्सेकले मानव अधिकारको क्षेत्रमा खेल्ने भूमिका निरन्तर अगाडि बढोस् यही शुभकामना दिन चाहान्छु।

**गोविन्द थापा**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, सल्यान

मानव अधिकार वर्ष पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको व्यवस्थित अभिलेख राख्ने गरेको छ। यसले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको विषयमा सचेत गर्ने हुनाले सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याएको छ।

**हिरालाल रेग्मी**
प्रमुख जिल्ला अधिकारी, सुर्खेत

राज्यभित्र भएका मानव अधिकार उल्लङ्घनका घटनाको गहन रूपमा विश्लेषण समावेश हुने मानव अधिकार वर्ष पुस्तकले सम्बद्ध पक्षलाई आगामी दिनमा आफ्नो भूमिका निर्वाह गर्दा मानव अधिकारका प्रचलित सिद्धान्त एवम् मूल्य मान्यतालाई आत्मसात गर्दै अगाडि बढ्न अझ बढी हौसला प्रदान गर्नेछ। मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र त्यस्ता अधिकारको परिपूर्ति गर्ने मूल दायित्व राज्यको हुने सन्दर्भमा यस पुस्तकले सरोकारवाला पक्षलाई सदैव कर्तव्य पालनामा झक्झक्याउने छ। नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको मार्गचित्रलाई साकार पार्न सम्वद्ध सबै पक्षबाट नागरिकका मौलिक हकको प्रभावकारी उपयोग र कार्यान्वयन गर्नुपर्ने हुन्छ। यस पुस्तकले सो कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु।

**चन्द्रबहादुर शिवाकोटी**
प्रमुख जिल्ला अधिकारी, मुगु

मानव अधिकार उल्लङ्घन कोही कसैबाट हुन नदिन र प्रत्येक नागरिकलाई आफू एउटा देशको सार्वभौम सम्पन्न नागरिक हुँ भन्ने महसुस गराउने प्रथम दायित्व त्यस देशको सरकारको नै हुन आउँछ। जहाँ मानव अधिकारको संरक्षण हुँदैन। त्यहाँको राज्य व्यवस्था जति नै उत्तम भनिए पनि हुँदैन। अतः राज्यका सम्वद्ध सबै पक्षलाई मानव अधिकारप्रति अझ संवेदनशील बनाई नागरिकहरूको हकहित संरक्षणमा दत्तचित्त गराउन इन्सेकको प्रयास सदैव प्रेरणादायी रहोस्। इन्सेक अभियानलाई शुभकामना।

**चित्रबहादुर भट्टराई**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, मुगु

इन्सेकले सङ्कलन गरेका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सत्यतथ्य होउन्। राज्यको नीति निर्माण तहमा यी घटनाले प्रभाव पारुन्। मानव अधिकारको सुनिश्चित गराउन यो पुस्तक कोशेढुंगाको रूपमा स्थापित हुन सकोस्।

**अष्टप्रसाद अधिकारी**
निमित्त, श्रेष्तेदार जिल्ला अदालत, मुगु

नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा सर्वसाधारणको अधिकार सुनिश्चित गराउन राज्य तथा गैर राज्यलाई सचेत गराउने महत्वपूर्ण भूमिका निर्वाह गरेकाले इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक पीडितहरूको न्यायिक दस्तावेजका रूपमा लिन आवश्यक छ।

**नृपेन्द्र मल्ल**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, मुगु

वर्ष पुस्तकमा छापिने र प्रकाशन हुने घटनाले पीडित पक्षलाई राहत प्राप्त भएको छ भने पीडकलाई कानुनी दायरामा ल्याउन सहज भएको छ। साथै वर्षपुस्तकले समाजमा मानव अधिकार संस्कृतिको विकास हुनुमा सहयोग पुऱ्याएको छ। वर्ष पुस्तकलाई सत्यतथ्य बनाउन छाप्न मिल्ने घटनामा फोटो राख्नुपर्ने र महिला बालबालिका पीडित भएका घटनामा थप मेहनत गरेर विस्तृत विवरण राख्नु पर्दछ।

**लालकाजी श्रेष्ठ**
जिल्ला न्यायाधीश, कालीकोट

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको छ। घटनाहरूको सङ्कलन र प्रकाशन मात्रै नभएर वर्ष पुस्तकमा उल्लेखित पीडितलाई कानुनी सहयोग पुग्ने देखिन्छ । अबका दिनमा यस पुस्तकलाई अझ प्रभावकारी बनाउन समाजमा लुकेर रहेका घटनालाई पनि उजागर गर्नुपर्ने देखिन्छ । पुस्तकमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उल्लङ्घनका घटना कम देखिएकाले समेटनु पर्ने देखिन्छ।

**कृष्णप्रसाद आचार्य**
प्रमुख जिल्ला अधिकारी, कालीकोट

मानव अधिकार वर्ष पुस्तकले समेट्ने घटनाहरूमा अदालतमा चलिरहेका मुद्दाका सन्दर्भमा 'यो वर्षको अन्त्यसम्म फैसला भएको छैन' भन्ने शब्द प्रयोग भएको पाइन्छ। यसले फैसला किन भएको छैन भन्ने प्रष्ट नखुलाउने भएकाले 'मुद्दाको तहकीकात प्रक्रिया चलिरहेको छ' भन्ने उल्लेख गर्दा राम्रो हुन्छ। यसो गर्दा कानुनी भाषाको समुचित प्रयोग हुन्छ र जनमानसमा अदालतले प्रमाण प्रक्रिया पूरा भएपछि फैसला होला भन्ने विश्वास जगाउँछ।

**दण्डपाणी लामिछाने**
न्यायाधीश, दैलेख जिल्ला अदालत, दैलेख

इन्सेकले प्रकाशित गर्ने मानव अधिकार वर्ष पुस्तक नेपालमा मानव अधिकारको अवस्था झल्काउने दस्तावेज हो। जिल्ला जिल्लाका सबै अभिलेख एकीकृत रूप दिइएको छ। पुस्तकमा चर्चित घटना समेटिए पनि समाजमा लुकेर रहेका नयाँ घटना कम प्रकाशन भएको पाइन्छ। महिलामा हुने लैङ्गिक हिंसा र घरेलु हिंसाका सबै घटना नआएको सरोकारवाला धेरैले महसुस गरेका छन्, ती सबै घटना तथ्याङ्क समेट्नेतर्फ ध्यान दिन आग्रह गर्दछु।

**सविना बिक**
उपाध्यक्ष, महिला सशक्तिकरण मञ्च, दैलेख

इन्सेकले प्रकाशित गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक आधिकारिक तथ्याङ्कको रूपमा धेरैले ग्रहण गर्दै आएका छन् । सङ्कलित घटनालाई सरोकारवालासँग पुर्नपुष्टि समेत गर्ने गरिएकाले विश्वसनीयता बढेको छ। पुस्तकमा छापिने घटनाहरू अदालतबाट फैसला भइसकेका विषय मात्र छापिने गरिएमा राम्रो हुने मेरो राय छ।

**प्रेमबहादुर थापा**
सचिव, दैलेख जिल्ला अदालत बार एशोसियशन

इन्सेकले लामो समयदेखि मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू दस्तावेजीकरण गर्दै आएको छ। पुस्तकमा सत्यतथ्य घटना सङ्कलन गरी प्रकाशन गर्नु पर्छ। मानव अधिकारका नाममा विभिन्न हुलदङ्गा गर्ने र समाजमा अशान्ति मञ्चाउने जस्ता गतिविधि हुने गरेका छन् । यस्ता घटनालाई पनि अभिलेख गर्न आवश्यक रहेको छ।

**भुपेन्द्र थापा**
प्रमुख जिल्ला अधिकारी, जुम्ला

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी घटना सँगसँगै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका घटना पनि पुस्तकमा समेटनु पर्छ । जुम्लामा लामो समयदेखि बिजुली विहीन भयो। यसले शिक्षा, स्वास्थ्य र उद्योग सञ्चालनमा पारेको असर तथा प्रभावका विषय पनि पुस्तकमा उल्लेख गरिनु पर्दछ। यहाँ वातावरणीय सरसफाइ, फोहोर मैला व्यवस्थापन हुन नसक्दा त्यसले मानवको स्वास्थ्यमा प्रभाव पारेको देखिन्छ। यस्ता घटना पनि अभिलेख गरी राज्यको ध्यानाकर्षण गर्न आवश्यक छ।

**पूर्णप्रसाद धिताल**
कर्णाली प्रदेश सदस्य, नेपाल कम्यूनिष्ट पार्टी

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना अभिलेख गर्ने पुस्तक मात्र नभई मानव अधिकार आन्दोलनको दस्तावेज पनि हो। वर्ष पुस्तक घटना, घटनाको प्रकृति र घटनाको स्वरूपको विस्तृत अध्ययन गर्न सफल भएको छ। जिम्मेवार निकायलाई जवाफदेही र सचेत बनाउने कार्यमा वर्ष पुस्तकको उल्लेख्य योगदान छ।

**दीपकविक्रम शाह**
प्रमुख, बुढीगङ्गा नगरपालिका, बाजुरा

वर्ष पुस्तकमा समेटिएका विषयबस्तु र तथ्याङ्कले समस्त पाठक वर्गमा मानव अधिकारका विषयमा भए गरेका त्रुटी र समाधानका लागि सरोकारवाला निकायले सच्याउने मौका पाएका छन्। नेपालको मानव अधिकार अवस्थाका विषयमा ग्रामीण

क्षेत्रका सीमान्तकृत समुदायसम्म पुऱ्याउन सके पुस्तक प्रकाशनको महत्व बढ्ने थियो । राज्यको पुर्नसंरचना अनुसार स्थानीय तहमा मानव अधिकारको सञ्जालीकरण हुनसके अझ प्रभावकारी हुने थियो ।

**कृष्ण गैह्रे**
प्रमुख जिल्ला अधिकारी, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र मुलुकको मानव अधिकारको अवस्थालाई प्रतिनिधित्व गरेको छ। मानव अधिकारको क्षेत्रमा चासो राख्ने व्यक्ति र निकायका लागि वर्ष पुस्तक सन्दर्भ सामग्री बन्न गएको छ। यस पुस्तकले राज्यलाई जवाफदेही बनाउन सहयोग पुऱ्याएको छ।

**मदनजीत महरा**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बाजुरा

वर्ष पुस्तकमा समावेश गरिने घटनाहरूको पुष्टि र पुनःपुष्टिले वर्ष पुस्तकको विश्वसनीयता बढेको छ । वर्ष पुस्तकमा दूरदराजमा भएका घटनालाई पनि समेट्न सके वर्ष पुस्तकको ओझ बढ्ने छ।

**देबु खाती**
जिल्ला कमिटी सदस्य, नेपाल कम्युनिष्ट पार्टी नेकपा, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर इन्सेकले मुलुकको मानव अधिकारको अवस्थालाई ऐना जस्तै छर्लङ्ग परेको छ। इन्सेकले अधिकारको क्षेत्रबाट बिमुख भएका नागरिकका सवाललाई सम्बन्धित निकायसम्म पुऱ्याउन सहयोग गरेको छ।

**लक्ष्मीराज पाध्याय**
सदस्य, नेपाल पत्रकार महासङ्घ, बाजुरा

वर्ष पुस्तक प्रकाशन पूर्व जिल्लाका सरोकारवाला निकायसँग छलफल र अन्तरक्रियाका माध्यमबाट घटनाको पुष्टि गरिनुले वर्ष पुस्तक सबैको साझा दस्तावेजका रूपमा स्थापित भएको छ। इन्सेकको यस कार्यका लागि धेरै धन्यवाद र शुभकामना दिन चाहान्छु।

**प्रकाशबहादुर सिंह**
अध्यक्ष ,नेपाल पत्रकार महासङ्घ, बाजुरा

नेपालको संविधानमा अपराध र पीडितको व्यवस्था गरिएको र त्यसलाई कार्यान्वयन गर्ने क्रममा समाजका सबै व्यक्तिहरूले आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारको ख्याल गर्नुपर्छ । इन्सेकले प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकारको क्षेत्रमा वकालत गर्दै आएकाले वर्ष पुस्तक २०२१ को शुभकामना दिन चाहन्छु।

**कमलराज भण्डारी**
प्रमुख जिल्ला अधिकारी, बझाङ

वास्तविक दोषी र पीडितले न्याय पाउनुपर्ने, समाजमा शान्ति सुरक्षा कायम गर्न सबै लाग्नुपर्ने, मानव अधिकारका क्षेत्रमा इन्सेकले महत्वपूर्ण भूमिका खेल्दै आएकाले मानव अधिकार वर्ष पुस्तकप्रति शुभकामना छ।

**रुपक खड्का**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बझाङ

जिल्लाका हलियाले गाँस, बाँस र कपास लगायत आधारभूत आवश्यकता समेत उपभोग गर्न पाएका छैनन्। उनीहरूले भोग्दै आएका समस्यालाई वर्ष पुस्तकमा समावेश गर्नुपर्छ।

**सीता सिंह,**
अधिकृत, फियान नेपाल, बझाङ

पत्रकार, इन्सेक प्रतिनिधि र सुरक्षा निकायका प्रतिनिधिबिच जिल्लाको मानव अधिकारको अवस्थाका विषयमा समय समयमा छलफल हुने गरेको छ । जिल्लाका कतिपय सवाल वर्ष पुस्तकमा समावेश हुने गरेका छन् । पुस्तक प्रकाशनले मानव अधिकार प्रत्याभूतिका लागि कोशेढुङ्गा सावित भएको छ।

**जगदिश रोकाया**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बझाङ

इन्सेकले जिल्लाभरको मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेखीकरण गरेकै कारण राज्यको तहमा कानुन निर्माण र कार्यक्रम कार्यान्वयनमा सहज भइरहेको छ । हामीले सामाजिक सञ्जाल, फोनमार्फत घटनाको जानकारी पाउने गरेका छौँ, तर यसरी अभिलेख राख्दा राज्यलाई जिम्मेवार बनाउने काममा इन्सेकको भूमिका प्रंशसनीय छ । इन्सेकले जिल्लामा भएका घटना दस्तावेजीकरण गरेर कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याएको छ। अभिलेख नभएका घटनाहरू केही समयमै विर्सने अवस्थालाई यस्ता

अभिलेखले जिल्लाको समग्र अवस्था झल्काउने कामको प्रशंसा गर्छौं।

**निर्मला बडाल जोशी**

उप सभामुख, सुदूरपश्चिम प्रदेश सभा

कोभिडका कारण लामो समय अस्तव्यस्त रहेको अवस्थामा समेत इन्सेकले जिल्लाभरको मानव अधिकारको अवस्था र जिल्लाको वस्तुस्थितिबारे अभिलेख गर्ने कार्य आफैँमा प्रभावकारी छ। इन्सेकले विगतदेखि हालसम्मको अवधिमा सङ्कलन गरिएका घटना हामीले पनि हेर्न गरेका छौँ। सङ्कलन गरिएका तथ्याङ्क माथि विश्वसनीयता कायम राखिराख्नुपर्छ।

**लोकजङ्ग शाह**

न्यायाधीश, जिल्ला अदालत, दार्चुला

तीन तहका सरकारले आफ्ना नागरिकलाई हिँड्न आफ्नै भूमि भएर जाने बाटो समेत बनाउन सकिरहेका छैनन। यो विषय मानव अधिकारको सवाल भएकाले वर्ष पुस्तकमा समावेश गरिनुपर्छ।

**शङ्करसिंह धामी**

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, दार्चुला

मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको स्थितिलाई चित्रण गर्दछ। यो चित्रण यथार्थ र सुक्ष्म रूपमा गर्नु आवश्यक छ । मानव अधिकारको संरक्षण र प्रवर्द्धनबाट देशमा सुशासन हुने र सुशासनबाट नै देशमा सम्वृद्धि प्राप्त हुन्छ । वर्षपुस्तकमा मानव अधिकारसम्बन्धी तथ्य र तथ्याङ्कको प्रस्तुतिले मानव अधिकार संरक्षण एवम् प्रवर्धन गर्नुपर्ने कर्तव्य भएका अधिकारी र सरोकारवालालाई आफ्नो कार्यप्रति समीक्षा र मूल्याङ्कन गरी कर्तव्य निर्वाह गर्न क्रियाशील हुन दवाव सिर्जना भएको छ।

**तिलकबहादुर कार्की**

न्यायाधीश, जिल्ला अदालत, बैतडी

सामाजिक चेतना र शिक्षाको स्तर न्यून भएका स्थान र परिवेशमा मानव अधिकार उल्लङ्घन गर्ने प्रवृत्ति बढी हुने हुँदा मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने सन्दर्भमा सरकारी, गैरसरकारी र मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाको भूमिका ती स्थानमा अझ बढी महत्वपूर्ण हुन्छ। जिल्लामा मानव अधिकारको उल्लङ्घन र संरक्षणमा भएका सकारात्मक र नकारात्मक दुवै विषय समेटेर प्रकाशन हुने यो पुस्तकले मानव अधिकारको संरक्षण सम्मान गर्ने संस्कृतिको विकास भई मानवका सबै अधिकारको रक्षा गर्न सघाउ पुऱ्याउने छ भन्ने आशाका साथ सफलताको कामना गर्दछु।

**मोहनराज जोशी**

प्रमुख जिल्ला अधिकारी, बैतडी

वर्ष पुस्तकले सम्बन्धित पक्षलाई मानव अधिकारको विषयमा संवेदनशील भई काम गर्न मार्गनिर्देशन र सहयोग पुऱ्याउँदै आएको छ। पुस्तकमा समावेश गरिने घटना, जानकारी र तथ्यले मानव अधिकारको अवस्थालाई नजिकबाट नियाल्न र वास्तविकताको चित्रण गर्दछ । यो पुस्तक मानव अधिकार संरक्षण, संवर्द्धनको क्षेत्रमा निष्पक्ष र तथ्यपरक रही महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित हुन अझ सफलता मिल्दै जाओस्।

**नारायणप्रसाद अधिकारी**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, बैतडी

वर्ष पुस्तकले मानव अधिकारप्रति सबैलाई सचेत गराउँदै आधारभूत मानव अधिकारको संरक्षणमा सम्बद्ध पदाधिकारी एवम् संस्था तथा निकायलाई सजग र जिम्मेवार तुल्याउन महत्वपूर्ण योगदान गर्दै आएको छ।

**भीमप्रसाद भट्टराई**

प्रमुख जिल्ला अधिकारी, डोटी

इन्सेकले मानव अधिकारको क्षेत्रमा तथ्यपरक ढङ्गले उठाएको आवाज र संरक्षणका लागि खेलेको भूमिका सराहनीय छ । वर्षभर भएका घटनालाई अभिलेख गरी प्रत्येक वर्ष प्रकाशन गर्दै आएको असल कार्यलाई निरन्तरता प्रदान गरोस्।

**शङ्करदीप मडै**

अध्यक्ष, उच्च अदालत बार एसोसियशन, दिपायल डोटी

तथ्य र तथ्याङ्कका आधारमा मुलुकको समग्र मानव अधिकारको अवस्थालाई वर्ष पुस्तकका माध्यमबाट जनता सामु प्रष्ट्याउने कामले मानव अधिकारको गरिमा बढाएको छ। मानव अधिकारको साझा दस्तावेजका रूपमा रहेको यो पुस्तक प्रकाशन गरिनु आफैमा चुनौतीपूर्ण र प्रशंसनीय कार्य हो।

**पूर्णा जोशी**

प्रदेश सभा सदस्य, सुदूरपश्चिम प्रदेश, डोटी

इन्सेकले प्रकाशन गर्दै आएको मानव

अधिकार वर्ष पुस्तकले महिला बालबालिका तथा पिछडिएका वर्गले भोगेका हिंसा र ज्यादतीका विषय उठाउने गरेको छ। मानव अधिकारका घटनालाई वर्ष पुस्तकमा अभिलेखीकरण गर्नु सराहनीय र प्रशंसनीय कार्य हो।

**कर्ण चन्द**
जिल्ला संयोजक, प्रेस सङ्गठन, डोटी

लामो समयदेखि मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै इन्सेकले मानव अधिकारका क्षेत्रमा उल्लेखनीय योगदान गर्दै आएको छ। यसले नेपालमा मानव अधिकारको अवस्था र कानुन कार्यान्वयनको अवस्थालाई समेत मध्यनजर गर्दै मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणमा योगदान पुऱ्याउँदै आइरहेको छ।

**जनकराज पाण्डे**
एसपी, जिल्ला प्रहरी कार्यालय, डोटी

मानव अधिकारका विरुद्धमा हुने घटनाका प्रकृति फरकफरक हुँदै गएकाले त्यस विषयमा सबै पक्षको ध्यान जान आवश्यक देखिन्छ। त्यसमा पनि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, भौगोलिक, आर्थिक र अन्य कारणले कमजोर पक्षमा सचेतना र न्यायको पक्षमा विश्लेषण गर्नुपर्ने छ। सशस्त्र द्वन्द्वका समयमा भएका यौनहिंसा र अन्य घटनाका पीडितको उपचार र न्यायका विषय वर्ष पुस्तकमा समावेश गर्नुपर्छ।

**सरस्वती रावल**
उपाध्यक्ष, रामारोशन गाउँपालिका, अछाम

मानव अधिकार र शान्ति प्रक्रियामा इन्सेकले गरिरहेको काम आमनागरिकको हक, अधिकार प्रत्याभूतिमा केन्द्रित भएको मैले पाएको छु। नागरिकका अधिकारको हनन्का विषय उठानमा इन्सेकले निरन्तरता दिन आवश्यक छ। आगामी दिनमा यसले मानव अधिकारका घटना सङ्कलन मात्र नभएर चेतना विस्तार कार्यक्रम र गहिरो अनुसन्धानमुलक कामका लागि सुझाव दिन चाहान्छु।

**शङ्करबहादुर रावल**
अध्यक्ष, नागरिक समाज, अछाम

वर्ष पुस्तकमा मानव अधिकारको अवस्था प्रष्ट देखिने भएकाले हामी पत्रकारलाई सूचनाको श्रोत, पुष्टिको आधार र वकालतमा सहजता भएको छ। साथै कानुन कार्यान्वयन गर्ने पक्षलाई समेत यसले जिम्मेवार बनाउन भूमिका खेलेको छ। अगामी दिनमा मानव अधिकारसम्बन्धी गहिरो चेतना विस्तारसँगै स्थानीय तहको सहकार्यमा काम गर्नुपर्ने मेरो सुझाव छ।

**टेकराज भण्डारी**
पत्रकार, अछाम

इन्सेकले अधिकारसँगसँगै कर्तव्यलाई ध्यान दिँदै समाजमा बढिरहेको आत्महत्याका घटनालाई न्यूनीकरण गर्नका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। इन्सेकले मानव अधिकारको क्षेत्रमा निरन्तर कामगर्दै आइरहेकाले घटनाको सत्यतथ्यलाई अभिलेख गरी राज्यलाई नैतिकरूपमा दवाव दिदै आइरहेकाले नेपाल मानव अधिकार वर्षपुस्तकको निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछु।

**जयानन्द पनेरु**
न्यायाधीश, जिल्ला अदालत, कैलाली

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्षपुस्तकमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेख गरी राज्यलाई मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न सजग र जिम्मेवार बनाउन मद्दत पुग्ने भएकाले नेपाल मानव अधिकार वर्षपुस्तक प्रकाशनका लागि इन्सेकलाई शुभकामना दिन चाहन्छु।

**राजेन्द्रसिंह भण्डारी**
जिल्ला न्यायाधीवक्ता, जिल्ला सरकारी वकिलको कार्यालय, कैलाली

इन्सेकले निरन्तर प्रकाशन गर्ने पुस्तकमा ठुला ६ महासन्धि अन्तरगत समग्र मानव अधिकारका घटना परिघटनाहरूको अभिलेख गरी मानव अधिकारको संरक्षण र संवर्द्धनमा राज्यलाई जिम्मेवार बनाउन थप बल पुऱ्याउने काम गर्दै आइरहेको छ। यसका अलवा सम्बन्धित सबैको चासो तथा सरोकार राख्ने वर्षपुस्तक २०२१ को सफलताको कामना गर्दै इन्सेकलाई धन्यवाद दिन चाहन्छु।

**मोहनदेव जोशी**
प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्षपुस्तक एक विश्वसनीय दस्तावेज हो। यो

पुस्तक मानव अधिकारको क्षेत्रमा चासो राख्ने सबैका लागि अति महत्वपूर्ण छ। यस पुस्तकलाई अझै स्रोत सामग्रीको रूपमा विकसित गर्नका लागि सामाजिक र आर्थिक अधिकार उल्लङ्घनका घटनाहरू अझ धेरै समेट्नु पर्दछ।

**देवीप्रसाद खनाल**
प्रदेश संयोजक, गैरसरकारी संस्था महासङ्घ
सुदूपश्चिम प्रदेश

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना तथ्यपरक रूपमा समेट्ने गरेको छ । ग्रामीण क्षेत्रका नागरिकको मानव अधिकारको अवस्थाका विषयमा समेत अध्ययन गरेर प्रकाशित गरेमा यस पुस्तकको महत्व बढ्ने सुझावसहित पुस्तकलाई सबैको सहज पहुँचमा पुऱ्याउन इन्सेकले ध्यान पुऱ्याओस् भन्दै सफलताको शुभकामना दिन चाहान्छु।

**उद्धवराज भट्ट**
अध्यक्ष, उच्च अदालत बार एशोसियसन महेन्द्रनगर
इजलास, महेन्द्रनगर

मानव अधिकारको अवस्था अध्ययन तथा अनुसन्धानका लागि सरोकारवालाले स्रोत सामग्रीको रूपमा प्रयोग गर्न वर्ष पुस्तक उपयुक्त रहेको छ। यस पुस्तकलाई सबैको सहज पहुँचमा राख्न इन्सेकले ध्यान पुऱ्याओस् भन्दै सफलताको शुभकामना दिन चाहान्छु।

**पुनमसिहं चन्द**
संयोजक, मानव अधिकार रक्षक सञ्जाल, कञ्चनपुर

स्थानीयस्तरमा बाहिर आउन नसकेका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई वर्षपुस्तकमा समेट्न सके मानव अधिकार वर्ष पुस्तकको महत्व अझै बढ्नेछ।

**सानुबुड थापा**
उप–प्रमुख, जिल्ला समन्वय समिति, कञ्चनपुर